# अध्याय - एक

# परिचय

## १.१ अध्ययनको परिचय

नेपाल एउटा विकासशील राष्ट्र हो । नेपालमा अझै पनि शिक्षा, स्वास्थ्य र गरिबी जस्ता समस्याहरू विद्यमान रहेका छन् र यहाँका मानिसहरूको जीवनस्तर माथि उठ्न सकेको छैन । त्यसैले आफ्नो जीवनस्तर सुधार गर्न र आधारभूत आवश्यकता परिपूर्ति गर्नका लागि आजभोलि नेपालीहरू रोजगारीको खोजीमा विदेश जाने गर्दछन् । रोजगारीको खोजीमा कामदारहरू विश्वको कुनै एक देशको सीमा नाघेर अर्को देशमा गई श्रम गर्छन् र श्रमको मूल्य लिन्छन् भने यस्तो अवस्थामा वैदेशिक रोजगारीको सृजना हुन्छ । यसरी कुनै एक देशको श्रमशक्ति वा कामदारहरू अर्को देशको श्रमबजारमा गई रोजगार गर्नुलाई वैदेशिक रोजगार भनिन्छ (वैदेशिक रोजगार ऐन, २०६४) ।

नेपालमा परम्परादेखि नै मानिसहरू कामको खोजीमा छिमेकी देश भारतमा जाने प्रचलन छ । तर खासगरी वैदेशिक रोजगारको सुरुवात ब्रिटिस गोर्खा सेनाबाट भएको पाइन्छ । सन् १८१५ मा तत्कालिन ब्रिटिस साम्राज्यले भारतमा गोरखा सैनिक बटालियन स्थापना गरे पश्चात् नेपालमा वैदेशिक रोजगारको सुरुवात भएको हो (पोखरेल २०५७) । त्यसपछि सन् १९५० को नेपाल भारत सन्धिअनुसार नेपाल र भारत दुवै देशका जनतालाई स्वतन्त्रतापूर्वक आवतजावत गर्न कुनै रोकटोक नलगाएपछि रोजगारीका लागि नेपालीहरू भारतमा जाने क्रम झन् बढ्यो । यसरी भारत बाहेक अन्य खाडी मुलुकहरू साउदी अरब, कतार, मलेसिया, दुवई र अन्य मुलुकहरू यू.ए.ई., कुबेत, बहराइन र हङकङजस्ता देशमा भने विगत आर्थिक वर्ष २०५०/०५१ (दुई दशक) यतादेखि कामदारहरू वैदेशिक रोजगारको लागि गएको पाइन्छ (वैदशिक रोजगार विभाग, २०५१) ।

आजभोलि नेपालका गाउँगाउँबाट मानिसहरू रोजगारीको खोजीमा विदेशिने चलन छ । यसरी मानिसहरू रोजगारीको खोजीमा विदेश जानाले हाम्रो समाजमा सकारात्मक र नकारात्मक दुवै प्रभाव परेको छ । सकारात्मक प्रभावमा वैदेशिक रोजगारीले नेपालीहरूको जीविकोपार्जन सुधारमा टेवा पुगेको छ र मुलुकको अर्थतन्त्र विस्तारमा पनि ठूलो सहयोग

पुगेको छ भने वैदेशिक रोजगारीको नकारात्मक प्रभावले समाजमा युवा जनशक्तिको उपस्थिति न्यून रहेको, परम्परागत संस्कृतिमा असर परिरहेको र समाजमा कुरीति, कुसंस्कारको प्रभाव परेको देखिन्छ । तथापि विदेशबाट पठाउने विप्रेषणले घरपरिवारलाई आर्थिक सहयोग भने पुग्ने गरेको छ ।

नेपाल कृषि प्रधान देश हो । यहाँका अधिकांश मानिसहरू कृषिमा नै निर्भर छन् । नेपाल कृषि प्रधान देश रहेता पनि कृषि क्षेत्रको उचित विकास हुन नसक्दा यहाँका मानिसको आर्थिक स्तर अझै माथि उठ्न सकेको छैन । नेपालमा २१.६ प्रतिशत मानिसहरू अझै गरिबीको रेखामूनि रहेको पाइन्छ (राष्ट्रिय योजना आयोग, २०७३) । विगत दुई दशकदेखि नेपालीहरू वैदेशिक रोजगारीमा विदेश जान थालेपछि भने विदेशबाट पठाएको विप्रेषणले उनीहरूको जीवनस्तरमा परिवर्तन आएको छ । जस्तै शिक्षा, स्वास्थ्य र पोषण जस्ता कुराहरूमा थप सहयोग पुग्ने गरेको छ । आर्थिक वर्ष २०७२/०७३ मा मुलुकको कुल ग्राहस्थ्य उत्पादन (GDP) मा समेत वैदेशिक रोजगारीबाट आएको विप्रेषणको योगदान ३२.५ रहेको थियो ।

यो अनुसन्धान रोल्पा जिल्लाको कोटगाउँ भन्ने गाउँका बासिन्दाहरुको वैदेशिक रोजगारीबाट प्राप्त आम्दानी र त्यसको प्रभावका बारेमा केन्द्रित रहेको छ । वैदेशिक रोजगारीमा संलग्न भइसकेपछि सम्बन्धित क्षेत्रका परिवार तथा समाजमा कस्तो आर्थिक तथा सामाजिक प्रभाव परेको छ, साथै वैदेशिक रोजगारीले त्यहाँको समाजमा कस्तो परिवर्तन ल्याएको छ र वैदेशिक रोजगारीको बारेमा उनीहरूको धारणा के कस्तो रहेको छ भन्ने कुरालाई यस अध्ययनले प्रष्ट्याउन खोजेको छ ।

## १.२ समस्याको कथन

अविकसित राष्ट्रहरूको सूचीमा पर्ने नेपाल गरिबी, अशिक्षा, स्वास्थ्य, द्वन्द्व, र भोकमरी जस्ता समस्याबाट ग्रसित छ । यहाँ बेरोजगारको समस्या पनि विद्यमान रहेको छ । साथै रोजगारीका वैकल्पिक उपायहरू पनि कमै भएको अवस्थामा वैदेशिक रोजगारी एउटा महत्वपूर्ण विकल्पका रूपमा देखिएको छ । त्यसकारण यहाँको युवा जनशक्ति आर्थिक आय आर्जनका लागि विदेश जाने गर्दछन् । नेपालमा वैदेशिक रोजगारबाट आउने आम्दानी र वैदेशिक रोजगारीमा जाने मानिसहरूको सङ्ख्यात्मक अभिलेख राख्ने काम भएको छ । तर

यसले सम्बन्धित व्यक्तिको आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षमा पारेको प्रभाव, सीप विकास र दक्षतामा पारेको प्रभाव, प्रबिधि हस्तान्तरण र वैदेशिक रोजगारप्रति उनीहरूको धारणाका बारेमा स्थलगत तथा स्थान विशेषको अध्ययन हुन भने नसकेको अवस्था छ । त्यसैले यो स्थलगत तथा स्थान विशेषको अध्ययन आफैंमा एउटा अनुसन्धानको विषय बन्न सक्छ । यसै सन्दर्भमा रोल्पा जिल्ला लिवाङ नगरपालिकाको कोटगाउँ गाउँका मानिसहरू पनि वैदेशिक रोजगारीमा संलग्न भएका र अहिलेसम्म यस क्षेत्रमा गरिबी निवारणमा वैदेशिक रोजगारीको भूमिकाका विषयमा कुनै पनि औपचारिक अध्ययन हुन नसकेकोले यो अध्ययन गरिएको हो । साथै यस क्षेत्रका मानिसहरू वैदेशिक रोजगारीमा संलग्न भएपछि उनीहरूको आर्थिक अवस्थामा आएको परिवर्तनलाई हेर्ने सवालको खोज सहित यो शोध विशेषगरी निम्न अनुसन्धनात्मक प्रश्नहरूबाट निर्देशित रहेको छ ।

क) वैदेशिक रोजगारमा जाने कारणहरु के हुन् ?

ख) वैदेशिक रोजगारमा संलग्न परिवारहरूको सामाजिक-आर्थिक अवस्था कस्तो छ ?

ग) वैदेशिक रोजगारले सम्बन्धित परिवार तथा समाजमा के परिवर्तन ल्यायो ?

घ) समाजमा वैदेशिक रोजगारको कस्तो प्रभाव रह्यो ?

ङ) वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण कहाँ कहाँ उपयोग गरिएको छ ?

च) के विप्रेषणले सम्बन्धित घरपरिवारको जीवनयापनमा सहजता ल्याएको छ ?

## १.३ अध्ययनको उद्देश्य

अध्ययनको प्रमुख उद्देश्य भनेको वैदेशिक रोजगारले अध्ययन क्षेत्रको गरिबी निवारणमा खेलेको भूमिकाको अध्ययन गर्नु हो । यस बाहेक यस अध्ययनले निम्न विशिष्ट उद्देश्य लिएको छ ।

क) अध्ययन क्षेत्रका वैदेशिक रोजगारमा संलग्न परिवारहरूको सामाजिक-आर्थिक अवस्था प्रस्तुत गर्नु ।

ख) वैदेशिक रोजगारले परिवार र समाजमा ल्याएको परिवर्तनहरुको चर्चा गर्नु ।

ग) वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण उपयोग गर्ने क्षेत्रहहरु पहिचान गर्नु ।

## १.४ अध्ययनको महत्व

अनुसन्धानको उद्देश्य अनुरूप अगाडि सारिएका प्रश्नहरूलाई आधार बनाएर तथ्याङ्क सङ्कलन विधिहरू जस्तै घरधुरी सर्वेक्षण, अन्तर्वार्ता, अवलोकन र वैयक्तिक अध्ययन जस्ता प्रक्रियाको प्रयोग गरी  कोटगाउँका वैदेशिक रोजगारमा संलग्न परिवारहरूमा वैदेशिक रोजगारले सामाजिक-आर्थिक अवस्था, घरपरिवार र समाजमा ल्याएको परिवर्तन, वैदेशिक रोजगारीमा संलग्न हुनुको कारण र त्यसप्रति रहेको उनीहरूको धारणाजस्ता विषयहरूमा विभिन्न खालका सूचना तथा तथ्याङ्कहरू सङ्कलन तथा यसको विश्लेषण गरी यस अनुसन्धानलाई अन्तिम रूप दिइएको छ । आगामी दिनमा वैदेशिक रोजगार सम्बन्धि अध्ययन अनुसन्धान गर्ने भावी पुस्ताहरूको लागि यो शोध एउटा महत्वपूर्ण द्वितीय स्रोतको रूपमा रहने छ । साथै यस क्षेत्रमा काम गर्ने विभिन्न सरोकारवाला निकायहरूका लागि पनि यो शोध महत्वपूर्ण हुनेछ ।

## १.५ अनुसन्धानको संगठनात्मक स्वरूप

प्रस्तुत शोधलाई जम्मा ८ अध्यायमा विभाजन गरिएको छ । जसअन्तर्गत अध्याय-१ परिचय अन्तर्गत विषयबस्तुलाई प्रष्ट पार्ने खालको परिचयात्मक पृष्ठभूमि प्रस्तुत गरिएकोछ । जस्तै वैदेशिक रोजगारको परिभाषा, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व र अनुसन्धानको संगठनात्मक स्वरूप आदिबारे उल्लेख गरिएकोछ । यसैगरी अध्याय-२ मा पूर्व साहित्यको अध्ययन गर्ने क्रममा वैदेशिक रोजगारीको बारेमा प्राप्त पुस्तक, लेख रचना, प्रतिवेदनका साथै विषयसँग सम्बन्धित समाजशास्त्रीय, मानवशास्त्रीय र अन्य व्यक्तिहरूले यस विषयमा गर्नु भएको अनुसन्धान प्रस्तुत गरिएको छ । अध्याय-३ अनुसन्धान पद्धति अन्तर्गत अध्ययनका लागि कोटगाउँमा गरिने अनुसन्धानको विधिको छनौट गरी यस अन्तर्गत अध्ययन क्षेत्रको औचित्य, अनुसन्धान ढाँचा, तथ्याङ्कको प्रकृति, स्रोत, कार्यक्षेत्र अध्ययनको प्रक्रिया, तथ्याङ्क संकलन, तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण सम्बन्धि चर्चा गरिएको छ ।

अध्याय-४ मा अध्ययन क्षेत्रको परिचयमा सम्बन्धित क्षेत्रको भौगोलिक तथा सामाजिक परिचय, शैक्षिक अवस्था र प्राकृतिक श्रोत सम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ । यसैगरी अध्याय-५ मा नमूना घरधुरीहको सामाजिक तथा आर्थिक अवस्था अन्तर्गत अध्ययन

गरिएका नमूना घरधुरीको जात/जाति, उमेर/लिङ्ग, वैवाहिक अवस्था, पारिवारिक संरचना एवं सामाजिक-आर्थिक अवस्थाको बारेमा विश्लेषण गरिएको छ । अध्याय-६ मा वैदेशिक रोजगार र परिवार तथा समाजमा आएको परिवर्तन अन्तर्गत विप्रेषणले घर तथा परिवारमा के परिवर्त ल्याएको छ भन्ने बारेमा विश्लेषण गरिएको छ। यसैगरी अध्याय-७ मा वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणको उपयोग अन्तर्गत सम्बन्धित घरधुरीले विप्रेषणलाई कसरी उपयोग गरेका छन् भन्ने विषयमा विश्लेषण गरिएको छ भने अध्याय-८ मा सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

# अध्याय - दुई

## सन्दर्भ साहित्यको अध्ययन

सन्दर्भ साहित्यको अध्ययन एक प्राज्ञिक लेख हो । जसमा सैद्धान्तिक र वैज्ञानिक विधिको प्रयोग गरी कुनै निश्चित विषयका बारेमा हासिल गरिएको समकालीन ज्ञान र ठोस निष्कर्षहरूको अध्ययन गरिन्छ । समाजशास्त्रीय अध्ययनमा अध्ययनकर्तालाई पूर्व प्रकाशित लेख, साहित्य तथा अनुभवहरूले निर्देशन गर्ने हुँदा यस विषयसँग सम्बद्ध विभिन्न पक्षहरूको तुलनात्मक अध्ययन गरी अनुसन्धान समस्यालाई सही बाटोमा प्रवाह गर्न यसले सहयोग पुऱ्याउँछ । समाजशास्त्रीय अनुसन्धानमा सन्दर्भ साहित्यको अध्ययन विना अनुसन्धानको गहिराइ पहिल्याउन गाह्रो हुन्छ । यसले अनुसन्धानलाई पुष्ट्याँई मात्र गर्दैन, बरू सो विषय वा क्षेत्रमा यसअघि अध्ययन भएको ज्ञानको समेत उजागर गर्दछ । यस अध्यायमा सैद्धान्तिक हिसाबले वैदेशिक रोजगारीलाई निर्देश गर्ने समाजशास्त्रीय सिद्धान्तहरूको प्रस्तुति, तुलना र चर्चा गरिएको छ । यसका साथै विभिन्न व्यक्ति र संस्थाहरूले यस अघि वैदेशिक रोजगारका विषयमा गरेका अध्ययन बारेमा समीक्षात्मक टिप्पणी गरिएको छ ।

### २.१ नेपालमा वैदेशिक रोजगारको इतिहास

नेपालीहरु विदेशमा गई काम गर्ने चलन पहिलेदेखि नै भएको देखिन्छ । नेपाल भारतबीच पहिलेदेखि नै आर्थिक, सामाजिक, सांस्कृतिक आदि विषयमा निकट सम्वन्ध रहि आएको देखिन्छ र खुला सीमानाले गर्दा विना रोकतोक धेरै नेपालीहरु भारतमा गई काम गर्दै आएको ऐतिहासिक परम्परा रहि आएको पाइन्छ । सन् १८१४/१५ मा नेपाल र इष्टइण्डिया कम्पनिका बीचमा भएको युद्धमा नेपालीहरुमा रहेको विरता, रणकौशलता र लगनशीलता आदि पहिचानका कारणले सन् १८१६ मा भएको सुगौलीसन्धि पछि इष्टइण्डिया कम्पनीले ३ वटा रेजिमेन्ट स्थापना गऱ्यो र ती रेजिमेन्टहरुमा नेपालीहरूलाई सेनामा भर्ती गरेपछि नेपालीहरू रोजगारका लागि भारत गए र उनीहरूसँगसँगै उनीहरूका परिवारहरू पनि भारतमा गई त्यहाँको विभिन्न कल कारखानाहरूमा संलग्न भएपछि नेपालमा वैदेशिक राजगारीको सुरुवात भएको हो (पण्डित, २०५६) । सन् १८१५/१६ भन्दा पहिले पनि नेपाली कामदारहरू भारतको मेघालय, आसाम, मणिपुर दार्जिलिङ, भुटान र बर्मा आदि मुलुकमा वैदेशिक रोजगारी र आप्रवासीका रूपमा त्यहाँ गई कृषि, खानी, चिया बगान र रबर उद्योग

आदिमा काम गरी अर्थोपार्जन गरेको देखिन्छ । साथै उनीहरूले विदेशमा सिकेको प्रविधिलाई नेपालमा भित्र्याएको पाइन्छ । जसको उदाहरण नेपालको पूर्वी भेगमा सञ्चालित चिया खेतीलाई लिन सकिन्छ (पण्डित, २०५६) । त्यसपछि सन् १९५० को नेपाल भारत मैत्रीपूर्ण सम्झौता भएपछि नेपालीहरू कामका लागि भारत जाने क्रम बिस्तारै बढ्न थालेको हो । सन् १९८० को दशकदेखि तीव्र गतिमा अघि बढेको आर्थिक उदारीकरण तथा विश्वव्यापीकरणको व्यापक प्रभाव विश्व श्रम बजारमा देखिएको छ । विकासोन्मुख मुलुकहरूमा श्रमको मूल्य र रोजगारीका अवसर दुबै न्यून हुने तथा विकसित मुलुकहरू अझ खासगरी उच्च आय तथा उच्च-मध्यम आय भएका मुलुकहरूमा श्रमको मूल्य र रोजगारीका अवसर दुबै उच्च रहने भएका कारण विकासोन्मुख मुलुकहरूबाट विकसित मुलुकहरूमा रोजगारीका लागि जाने श्रमशक्तिमा उच्च वृद्धि हुँदै गएको देखिन्छ । खासगरी सन् १९९० को दशकदेखि एकातिर पूर्वी एसिया र खाडी मुलुकहरूमा उच्च आर्थिक वृद्धि तथा श्रमिकको बढ्दो माग र अर्कोतर्फ नेपालमा सशस्त्र द्वन्द्वका कारण रोजगारीमा नकारात्मक असर पर्दै गएकाले बढ्दो बेरोजगारीको समस्या समाधान गर्न भारत बाहेक अन्य मुलुकहरूतर्फ रोजगारीको लागि संस्थागत पहल हुन थाल्यो । त्यस पश्चात् नेपाल सरकारले परराष्ट्र मन्त्रालय मार्फत मात्र राहदानी उपलब्ध गराउँदै आएकोमा २०५४ फागुन १ गतेदेखि जिल्ला प्रशासन कार्यालयहरूबाट समेत राहदानी वितरण गर्न थालेपछि सर्वसाधारणलाई राहदानी लिन सुविधा पुगेकाले वैदेशिक रोजगारलाई थप टेवा पुगेको देखिन्छ (नेपाल राष्ट्र बैंक, २०७३) । वास्तवमा वैदेशिक रोजगारको इतिहास हेर्दा तत्कालीन समयमा उद्योग मन्त्रालय अन्तर्गत वि.स. २०२८ सालमा श्रम विभागको स्थापना भई वि.स. २०३८ सालमा श्रम मन्त्रालयको स्थापना भयो र सो पश्चात् यसैको मातहतमा रहेको वैदेशिक रोजगार ऐन, २०४२ जारी भएपछि नेपालमा औपचारिक रूपमा वैदेशिक रोजगारको सुरुवात भएको हो (वैदेशिक रोजगार विभाग,२०७१) ।

## २.२ वैदेशिक रोजगारसम्वन्धी, ऐन तथा नियमहरूको समीक्षा

नेपालमा वैदेशिक रोजगारका लागि विदेश जाने प्रचलन परम्परादेखि नै भएता पनि आधिकारिक रूपमा यससँग सम्बन्धित नियम कानुन पछि मात्र निर्माण भएको पाइन्छ । सन् १९६० को दशकपछि विश्वमा विस्तार भएको खुला अर्थव्यवस्था, विभिन्न देशमा देखिएको निजी क्षेत्रहरूको सहभागिता र विश्वका विभिन्न ठाउँमा गएका नेपाली आप्रवासी तथा

कामदारहरूले पाएको दुःखलाई मनन गर्दै नेपाल सरकारले वि.सं. २०२८ सालमा श्रम विभाग र वि.सं. २०३८ सालमा श्रम मन्त्रालयको  गठन गरी श्रमलाई व्यवस्थित र परिमार्जित गर्दै लैजाने नीति लिन थाल्यो । श्रम मन्त्रालयको गठन पश्चात् विशेषगरी वैदेशिक रोजगारलाई व्यवस्थित र यसमा भैपरी आउने समस्याहरूको समाधान गर्नको लागि वि.सं. २०४२/०३/०२ गतेबाट लागू हुने गरी वैदेशिक रोजगार ऐन २०४२ स्थापना गऱ्यो । यस ऐन निर्माण पश्चात् वैदेशिक रोजगारमा केही सरलता र परिमार्जन आएकोले नेपाल सरकारले वि.सं. २०५६ सालमा राष्ट्रिय श्रम नीति २०५६ को निर्माण र श्रम विभागको नाम श्रम तथा रोजगार प्रवर्द्धन विभाग कायम गऱ्यो ।  राज्यले वैदेशिक रोजगार ऐन २०४२ लाई विभिन्न समयमा संशोधन गर्दै वि.सं. २०६४।५।१९ गतेबाट लागू हुने गरी संशोधित वैदेशिक रोजगार ऐन २०६४ तथा वैदेशिक रोजगार नियमावली २०६४ निर्माण गऱ्यो । यसैगरी नेपाल सरकारले श्रम तथा रोजगार प्रवर्द्धन विभागले सम्पादन गर्दै आएको वैदेशिक रोजगार सम्बन्धि कार्यको जटिलता र कार्यचापको मध्यनजर गरी वैदेशिक रोजगार ऐन, २०६४ मा वैदेशिक रोजगार विभागको व्यवस्था भए अनुसार बि.स. २०६५।९।१६ गते वैदेशिक रोजगार सम्बन्धिमामिला हेर्न छुट्टै वैदेशिक रोजगार विभागको स्थापना गरेको छ । ( वैदेशिक रोजगार ऐन, २०६४) यसरी वैदेशिक रोजगारको इतिहास क्रमिक रूपमा विकास हुदैं आएको र यससँग सम्बन्धित ऐन नियमहरू पनि समय अनुसार परिमार्जन तथा संशोधन हुदै आएको देखिन्छ ।

नेपालका अधिकांश जनता ग्रामीण क्षेत्रमा बसोबास गर्दछन् । नेपालको कूल जनसङ्ख्याको ८२.९३ प्रतिशत जनसङ्ख्या  ग्रामीण क्षेत्रमा नै बसोबास गर्ने गरेका छन् (केन्द्रिय तथ्याङ्क विभाग, २०६८) । ग्रामीण क्षेत्रमा उत्पादन र रोजगारीको अवसर कम हुने र कृषि व्यवसाय पनि निर्वाहमुखी मात्र हुने भएकोले वार्षिक रूपमा उत्पादित श्रमशक्तिको सङ्ख्या थपिदैं गएको र बेरोजगारको समस्या झन् झन् बढ्दै गएको देखिन्छ । विभिन्न उद्योगहरूमा काम गर्ने मनसायले ग्रामीण श्रम शक्ति शहर केन्द्रित भएको देखिन्छ । सहरमा अधिक जनसङ्ख्या  गाउँबाट कामको खोजीमा आएका श्रमशक्तिको समूह र खुला सिमानाका कारण कामको लागि भारतबाट नेपाल आउने थप जनसङ्ख्याको कारण सहरमा पनि बेरोजगारको समस्या झन् बिकराल बन्दै गएको देखिन्छ । यिनै कुरालाई ध्यानमा राखी नेपाल सरकारले दीर्घकालिन व्यवसायका रूपमा वैदेशिक रोजगारको व्यवस्थामा सुधार गर्दै आएको देखिन्छ । यसै सन्दर्भमा हाल नेपालले मुलुक बाहिर कामको खोजीमा जानका लागि

११० मुलुकहरू खुला गरेको छ भने ७५२ मेनपावर कम्पनीहरूले इजाजत लिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरिरहेका छन्  (नेपाल राष्ट्र बैंक, २०७३) ।

## २.३ वैदेशिक रोजगारलाई सैद्धान्तिक दृष्टिकोणबाट हेर्दा

समाजमा  एउटा महत्वपूर्ण चरित्रका रूपमा रहेको चल वस्तु भनेको श्रम हो । परम्परादेखि आजसम्म पनि विभिन्न दृष्टिकोणबाट यसलाई परिभाषित र निर्देशित गर्ने गरिएको छ । समयानुकूल परिमार्जित हुदै जाने समाजमा श्रमको वस्तुस्थिति र परिपाटीले एउटा सैद्धान्तिक दृष्टिकोण ल्याउने गर्दछ । यसलाई विभिन्न दार्शनिक, समाजशास्त्री र अन्य विद्वत वर्गले विभिन्न दृष्टिकोणबाट समाजमा स्थापित गर्दै पूर्ण मान्यता दिई पुष्टि गरेका छन् । यी विभिन्न मान्यताहरूमध्ये अध्ययनसँग सम्बन्धित निम्न समाजशास्त्रीय दृष्टिकोण यहाँ प्रस्तुत गरिएको छ ।

### २.३.१ विश्वव्यवस्था सिद्धान्त

आधुनिकीकरणको सिद्धान्तले देखाएको सामाजिक संस्थाप्रतिको बेवास्ताको स्थिति, आधुनिक बन्नलाई पशिचमी आर्थिक र सामाजिक शैलीको नक्कल गर्नु पर्ने अवस्था तथा विभिन्न देशहरूबीच विकासका अवास्तविक सम्बन्धहरूको सृजनाका बारेमा विश्लेषण गर्दै तेस्रो विश्व वा गरिब राष्ट्रहरू किन र कसरी शोषणमा परेका छन् भन्ने देखाउन विश्व व्यवस्था सिद्धान्तको विकास गरिएको हो । जसका मुख्य व्याख्याकार वालेस्ट्राइन हुन् । यसलाई नवमार्क्सवादी सिद्धान्त वा परनिर्भरताको सिद्धान्त पनि भनिन्छ । खास गरेर विश्व व्यवस्था अनुसार सुरुमा भौगोलिक विस्तार भयो र त्यसपछिको पृष्ठभूमिमा विश्वव्यापी रूपमा श्रम विभाजन भयो । यसै गरी १६ औं शताब्दीमा आइपुग्दा पुँजीवादले राज्यवादलाई विस्थापित गऱ्यो र पुँजीवाद नै शक्तिशाली बन्न पुग्यो । तर विश्वमा पुँजीवादको विकास समानरूपले भएन (वालेस्ट्राइन उद्धृत रिट्जर, १९९२) ।

यस सिद्धान्त अनुसार विश्वव्यवस्था अन्तर्गत यसका विभिन्न भागहरू (केन्द्र, अर्धपृष्ठ र पृष्ठ क्षेत्र) भिन्न भिन्न कुराका लागि महत्वपूर्ण हुँदै गएर विशिष्ट कार्यहरू (श्रमको उत्पादन, खाद्यान्न उत्पादन, कच्चा पदार्थको उपलब्धता र प्रयोगका वस्तुको निर्माण) गर्दै गए । यसका साथै विश्वमा विभिन्न प्रकारका श्रमिकहरू उत्पादन हुन थाले । जस्तैः अफ्रिकाले

दासको उत्पादन, पश्चिम र दक्षिण युरोपले किसानको उत्पादन र पश्चिम युरोपमा ज्यालादार कामदार शासन गर्ने वर्ग र सिपयुक्त प्रशासकहरू रहन पुगे (रिट्जर, १९९२) ।

यसैगरी वालेस्ट्राइनका अनुसार केन्द्र क्षेत्रमा स्वतन्त्र मजदुर (Free Labour), अर्धपृष्ठ क्षेत्रमा किसानहरू (Share Cropping) र पृष्ठ क्षेत्रमा बाधात्मक वा बाधा मजदुर (forced labour) रहन गए । यसरी केन्द्रमा सिपमुलक र स्वतन्त्र मजदुरहरूको बाहुल्यता हुन पुग्यो र पृष्ठ तथा अर्धपृष्ठ क्षेत्रमा अदक्ष वा अर्धदक्ष बाधा मजदुरहरूको बाहुल्यता हुन पुग्यो । यसका साथै केन्द्र क्षेत्रसँग भएका सिपमुलक मजदुरलाई प्रयोग गरी विकसित राष्ट्रले विश्वका विभिन्न ठाउँहरूमा उद्योगधन्दा सञ्चालन गरी पुँजीवादलाई विस्तार गर्न थाले ( रिट्जर, १९९२) । यसरी ती उद्योगधन्दाहरू एसियाका अरबियन मुलुकहरूमा पुँजीवादी राष्ट्रले स्थापना गरेपछि उद्योग निर्माण तथा कार्य सञ्चालन र उत्पादन गर्नका लागि अदक्ष र अर्धदक्ष कामदारहरूको आवश्यकता पर्न गयो । जसले गर्दा अर्धपृष्ठ र पृष्ठ क्षेत्रका जस्तै नेपालबाट अदक्ष वा अर्धदक्ष श्रमिकहरू रोजगारीका लागि जान थाले । यसरी विश्वपूँजीवादी व्यवस्था अन्तर्गत नेपाल एउटा अदक्ष वा अर्धदक्ष मजदुर उत्पादन गर्ने राष्ट्रका रूपमा विकसित हुन पुग्यो ।

यस अनुसन्धानमा कोटगाउँका मानिसहरू पनि मजदुरका रूपमा वैदेशिक रोजगारमा संलग्न भई विश्वव्यवस्थासँग जोडिएका छन् र वैदेशिक रोजगारबाट भित्राएको विप्रेषणले उनीहरूको जीविकोपार्जनमा सुधार ल्यायो भन्ने विषयलाई केलाइएको छ ।

### २.३.२ **बसाइँ सराईको सिद्धान्त**


मानिसहरू बसाइँ सराई हुने विभिन्न कारणहरू छन् । जसमा आकर्षण (Pull Factor) गर्ने ( रोजगारका अवसर, राम्रो जीवनयापन, राजनीति र धार्मिक स्वतन्त्रता, राम्रो हावापानी, साथीभाइ गएको देखेर, बिहेबारी, राम्रो अवसर, अध्ययन)जस्ता तत्व र विकर्षण (Push Factor) गर्ने (बेरोजगार, सामाजिक विविधता, रानीतिक अस्थिरता, गरिबी, गाँसबाँसमा कठिनाइ, बिहेको कम सम्भावना)जस्ता तत्व प्रमुख रूपमा रहेका छन् । यसरी मानिसहरू आफू र आफ्नो घरपरिवारको भलाइका लागि विविध अबसर र खोजीमा आफ्नो देश वा क्षेत्र छाडेर रोजगारको लागि जानुलाई बसाइँ सराई भनी प्रष्ट्याउन Lee's theory of migration प्रयोग गरिएको हो (Mariam and Sheth, 2001)

यस अध्ययनमा कोटगाउँ (अध्ययन क्षेत्र) बाट व्यक्तिहरू वैदेशिक रोजगारमा जान Pull गर्ने विविध तत्वहरुमा धेरै अवसर, उधोगधन्दा, राम्रो जीवनस्तर, धेरै कमाई गर्न, परिवार वा व्यक्तिको सम्पर्क र Push गर्ने विविध तत्वहरुमा बेरोजगार, सामाजिक र आर्थिक कारण, गरिबी आदिका कारण मानिसहरु वैदेशिक रोजगारमा जान्छ भन्ने कुराको वारेमा अध्ययन गरिएको छ साथै मानिसहरु रोजगारका लागि विकसित देशहरुमा गएकोले रोजगारबाट घरपरिवारको आर्थिक अवस्थामा सुधार आएको र विप्रेषणबाट परिवारले खाद्यान्न, लत्ताकपडा, शिक्षा, स्वास्थ्य, जग्गा खरिद, घर निर्माण जस्ता क्षेत्रमा लगानी गरी परिवारको जीवनशैली र रहनसहन सहज बनाएकोले विस्तारै आधुनिकतालाई पनि पछ्याइ रहेको पाइयो । यसरी अध्ययन क्षेत्रका मानिसहरु वैदेशिक रोजगारमा जाँदा विश्व व्यवस्थाको सिद्धान्त र बसाइँ सराईको सिद्धान्तसँग जोडिएको पाईयो ।

## २.४ अवधारणात्मक संरचना

वैदेशिक रोजगार सम्बन्धी विभिन्न सैद्धान्तिक तथा पूर्व साहित्यको अध्ययन पश्चात् मानिसहरु वैदेशिक रोजगारमा के कारणले संलग्न भएका हुन, उनिहरुलाई आकर्षण गर्ने पक्षहरु र वैदेशिक रोजगारबाट उनिहरुको घरपरिवारमा भएका सुधारका क्षेत्रहरुलाई निम्न अवधारणात्मक संरचनामा तयार पारिएको छ ।

*अवधारणात्मक संरचना*



# अध्याय - तीन

# अनुसन्धान पद्धति

यस अध्यायमा कोटगाउँबाट वैदेशिक रोजगारमा गएका व्यक्ति तथा उनीहरूको पारिवारिक, सामाजिक, आर्थिक र शैक्षिक अवस्थाको अध्ययन तथा अनुसन्धान गर्नका लागि प्रयोग गरिने अनुसन्धान विधिहरूका बारेमा चर्चा गरिएको छ । अध्ययनका निम्ति निम्न अनुसन्धान विधिहरूमार्फत तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

यस अध्ययनका लागि रोल्पा जिल्लाको लिबाङ नगरपालिका अन्तर्गत कोटगाउँ क्षेत्रलाई छनौट गरिएको थियो । यहाँका जनशक्तिहरू प्राय स्थानीय स्तरमा सम्पन्न हुने क्रियाकलापहरूमा सिकर्मी र मजदुरी जस्ता कामलगायत खेतीपातीमा आफ्नो श्रम खर्चिने गर्दछन् । ग्रामीण क्षेत्र भएका कारण यहाँ रोजगारीको प्रशस्त सम्भावना छैन । कृषि र सामान्य ज्याला मजदुरीबाट उनीहरूले प्रशस्त मात्रामा आर्थिक आम्दानी गर्न सकिरहेका छैनन् । जसले गर्दा यस गाउँबाट पनि मानिसहरू वैकल्पिक रोजगारीका लागि विदेश जाने क्रम निरन्तर चलिरहेको छ र वैदेशिक रोजगारमा संलग्न भए पश्चात् उनीहरूको परिवारको आर्थिक अवस्थामा सुधार भएको पनि देखिन्छ । यसै सन्दर्भमा वैदेशिक रोजगारमा संलग्न भएपश्चात् उनीहरूको व्यक्तिगत, पारिवारिक, आर्थिक, शैक्षिक तथा सामाजिक जीवनमा के कस्ता परिवर्तनहरू आएका छन् भन्ने कुराहरू जान्नका लागि यस क्षेत्रको छनौट गरिएको हो । अध्ययनका लागि यस क्षेत्रलाई छनौट गर्नुका केही कारणहरू निम्न रहेका छन् ।

- अहिलेसम्म यस क्षेत्रबाट यस विषयमा अध्ययन नभएको,
- वैदेशिक रोजगारप्रति सम्बन्धित व्यक्ति तथा परिवारको धारणा र भोगाइहरू बुझ्न,
- यस क्षेत्रका मानिसहरू वैदेशिक रोजगारमा संलग्न भएका र वैदेशिक रोजगारमा जाने क्रम दिनप्रतिदिन बढ्दै गएको,
- वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको जीवनस्तर, आम्दानी, पेसा, बसोबासको स्थितिजस्ता कुरामा परिवर्तन आएको,

- ➢ शोधकर्ता स्वयं यस क्षेत्रको स्थायी बासिन्दा भई अध्ययन गर्दा प्रत्यक्ष अवलोकन विधिद्वारा तथ्याङ्क सङ्कलनगर्न सजिलो हुने भएकाले ।

## ३.२ अनुसन्धान ढाँचा

यस शोधपत्रमा वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । कुनै पनि समस्याको छनोट गरी समस्यालाई व्याख्या गर्न सम्बन्धित विषयका बारेमा पर्याप्त तथ्याङ्क सङ्कलन गर्ने र सङ्कलित तथ्यहरूलाई विवरणात्मक रूपमा प्रस्तुत गरी त्यसको अर्थपूर्ण व्याख्याको आधारमा ठोस निष्कर्ष निकाल्ने प्रक्रिया नै वर्णनात्मक अनुसन्धान ढाँचा (Descriptive Research Design) हो । यसैका आधारमा यस अध्ययनमा वैदेशिक रोजगारीले अध्ययन क्षेत्रको घर परिवारस्तरमा गरिबी निवारणको हिसाबले के कस्तो भूमिका खेलेको छ भन्ने बारेमा तथ्याङ्क सङ्कलन गरी विवरणात्मक रूपमा प्रस्तुति र व्याख्या गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनका लागि तथ्याङ्क सङ्कलन प्राथमिक तथा द्वितीयक स्रोतबाट गरिएको छ । घरधुरी सर्वेक्षण, अन्तर्वार्ता, अवलोकन र वैयक्तिक अध्ययनबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ भने गाविस, जिविस, वडाहरू, विभिन्न सरोकारवाला निकायहरू विभिन्न पत्रपत्रिका, प्रतिवेदन, विभिन्न विद्वान्हरूले गरेको अध्ययन, लेखरचना, समाजशास्त्र तथा मानवशास्त्रका विद्वानहरूले प्रकाशन गरेका सम्बन्धित विषयका पुस्तकहरू, समाजशास्त्री तथा मानवशास्त्रीका विद्यार्थीहरूले अध्ययन गरेको शोधपत्र र इन्टरनेट आदिबाट द्वितीयक तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्कको प्रकृति परिणात्मक र गुणात्मक दुवै किसिमको रहेका छन् ।

## ३.४ नमूना छनौट विधि

कुनै पनि सामाजिक समस्या छनौट गरिसकेपछि अध्ययन समस्याको समग्र क्षेत्रको अध्ययन गर्न कठिन हुन्छ । त्यसैले अनुसन्धानको सुविधाका लागि समग्र क्षेत्रको प्रतिनिधित्व हुने गरी केही अंश छनौट गर्ने कार्यलाई नमूना छनौट भनिन्छ । यसै सन्दर्भमा यस अध्ययनका लागि कोटगाउँलाई छानिएको छ । कोटगाउँको कुल घरधुरी सङ्ख्या केन्द्रिय तथ्याङ्क विभाग २०६८ अनुसार ८९५ र जनसङ्ख्या ४१५५ छ । जसबाट ३८९ घरधुरीका ४९४ जना

सदस्य वैदेशिक रोजगारमा गएका छन् जसमध्ये महिला ३४ र पुरुष ४६० रहेका छन् । वैदेशिक रोजगारमा जाने घरधुरी ३८९ यस क्षेत्रको कुल घरधुरीको ४३.४६ प्रतिशत घरधुरी हो । यसै सन्दर्भमा यस अनुसन्धानका लागि असम्भावना नमूना छनोट विधिभित्र पर्ने उद्देश्यपूर्ण नमूना छनोट (Purposive Sampling) मार्फत अध्ययन क्षेत्र तथा सूचनादाताहरू छनौट गरिएको थियो । अनुसन्धानकर्ताले आफ्नो निश्चित उद्देश्यपूर्तिका लागि समग्र जनसङ्ख्या बाट छानी छानी केही नमूना मात्र छनोट गर्नु उद्देश्यपूर्ण नमूना छनोट हो । यसै अनुरुप अध्ययनका लागि ४० घरधुरीलाई नमूनाको रूपमा छनौट गरिएको छ, जो कोटगाँउका वैदेशिक रोजगारमा गएका कुल घरधुरी ३८९ को १० प्रतिशत हो । यस अनुसन्धानका लागि मैले तथ्याङ्क संकलन गर्दा गाउँमा छरिएर रहेका घरहरुमध्ये आफुलाई सहज हुने हिसाबमा जुन घरमा सुचनादाता भेटिन्छ त्यस घरबाट मात्र सूचना लिएको थिएं । यसरी सूचना संकलन गर्दा नमुनाका लागि छनोट भएका ४० घरधुरीबाट ४२ जना व्यक्तिहरु वैदेशिक रोजगारमा संलग्न भएको पाइयो । जसमा ३८ घरधुरीबाट प्रतिघर १ जना र २ घरधुरीबाट प्रतिघर २ जना व्यक्तिहरु वैदेशिक रोजगारमा संलग्न भएका रहेछन् । अनुसन्धानमा तिनै ४२ जना व्यक्तिहरुको बारेमा अध्ययन गरिएको छ । साथै नमूनामा छानिने घरधुरीको घरमूली वा सदस्यलाई सूचनादाताको रूपमा प्रयोग गरिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन विधि

यस अध्ययनका लागि तथ्याङ्क संकलनका गुणात्मक र सङ्ख्यात्मक दुवै विधिको प्रयोग गरिएको छ । अध्ययनमा परिणात्मक विधिलाई प्राथमिकता दिएता पनि अनुसन्धान प्रभावकारी बनाउन गुणात्मक विधिलाई पनि त्यत्तिकै महत्व दिईएका छ । यिनै दुई बिधिका माध्यमबाट सम्बन्धित क्षेत्रमा गई त्यहाँ बसी सम्बन्धित बासिन्दाहरूसँग आत्मीयता र विश्वासपूर्ण वातावरणमा सम्बन्ध कायम गरिएको छ र अध्ययनलाई अगाडि बढाइएको छ । यस अध्ययनमा विशेष गरी निम्न बिधिहरूको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

#### ३.५.१ घरधुरी सर्वेक्षण प्रश्नावली

घरधुरी तहमा सम्पन्न गरिने सर्वेक्षण नै घरधुरी सर्वेक्षण हो । जसले सम्बन्धित घरधुरी र उक्त घरधुरीमा बस्ने व्यक्तिहरूको बारेमा जानकारी लिन मद्दत गर्दछ । घरधुरी सर्वेक्षण आर्थिक तथा सामाजिक तथ्याङ्क संकलनको महत्वपूर्ण स्रोत हो । घरधुरी सर्वेक्षणका लागि

प्रश्नावली निर्माण गर्न जरुरी हुन्छ । तोकिएको शीर्षक वा विषय अन्तर्गत रही उत्तरदाताहरूबाट प्रतिक्रिया सङ्कलनगर्न ढाँचाकृत गरिएका प्रश्नहरूको औपचारिक संग्रहलाई प्रश्नावली भनिन्छ । सर्वेक्षण अनुसन्धानमा प्रयोग हुने मुख्य औजार प्रश्नावली हो भने तथ्याङ्क संकलनको प्रभावकारी संयन्त्र पनि हो । म एक विद्यार्थी अनुसन्धानकर्ताका हैसियतले विषयसँग सम्बन्धित प्रश्नावली सुपरीवेक्षकसँग छलफल गरी तयार गरेको थिएँ । तयार भएको प्रश्नावलीका माध्यमबाट अध्ययनका लागि नमूना छनौटमा परेका वैदेशिक रोजगारीमा संलग्न ४० घरधुरीमा गई अनुसन्धाताबाटै सम्बन्धित घरपरिवारको आर्थिक विवरण, जातजाति तथा जनसङ्ख्याको विवरण लगायत उनीहरूको सामाजिक तथा आर्थिक पक्षसम्बन्धि तथ्याङ्क सङ्कलन गरिएको हो । पहाडी क्षेत्र त्यसमा पनि भौगोलिक विकटताका कारण नमूनामा परेका प्रत्येक घरधुरीहरूमा गई तथ्याङ्क सङ्कलन गर्न गाह्रो त थियो नै त्यसमा पनि आफु गएको घरधुरीमा उत्तरदाताहरू नभेटिनाले फेरी अर्को घरधुरीमा जाँदा केही बढी समय खर्चिनु परेको थियो । तर पनि उत्तरदाताहरूभित्रको सहयोगी भावना र उनीहरूले अनुसन्धातालाई गरेको विश्वासका कारण तथ्याङ्क सङ्कलनमा त्यस्तो कुनै समस्या आएन ।

### ३.५.२ अन्तर्वार्ता

कुनै विशिष्ट उद्देश्य राखेर दुई वा सोभन्दा वढी व्यक्तिहरूका बीचमा हुने अन्तर्वैयक्तिक वार्तालापलाई अन्तर्वार्ता भनिन्छ । यो तथ्याङ्क संकलनको महत्वपूर्ण बिधि हो । यस अध्ययनका लागि अन्तर्वार्तामा समान खालका प्रश्नहरू सम्पूर्ण उत्तरदाताहरूलाई समान ढंगबाट सोधिएको थियो । खासगरी सम्बन्धित क्षेत्रका व्यक्तिहरूसँग प्रत्यक्ष रूपमा भेट गरी सम्बन्धित विषयका बारेमा तयार पारिएका प्रश्नावलीहरूका आधारमा उत्तरदाता र शोधकर्ताबीच व्यवस्थित दोहोरो वार्तालाप गरी तथ्याङ्क सङ्कलन गरिएको थियो । व्यक्तिगत तहमा रहेर शोधकर्ताले उत्तरदातासँग प्रत्यक्ष भेट गरी आवश्यक सूचना सङ्कलन गर्ने भएकोले सङ्कलित सूचनामा विश्वसनीयता र सत्यता रहने विश्वास गरिएको छ । शोधपत्र तयारका लागि चाहिने आवश्यक सूचनाहरु घरधुरी सर्वेक्षणबाट मात्र आउन नसकेकोले थप प्रश्नावली तयार गरी सम्बन्धित उत्तरदाता र शोधकर्तावीचको अन्तर्वार्तालापबाट तथ्याङ्क सङ्कलन गरिएको थियो । यस विधिबाट तथ्याङ्क ल्याउँदा परिमाणात्क तथ्याङ्क मात्र नभएर गुणात्मक तथ्याङ्क संकलनका लागि पनि सहयोग पुगेको थियो ।

### ३.५.३ अवलोकन

कुनै निश्चित विषयका बारेमा अनुसन्धानकर्ता स्वयं सम्बन्धित अध्ययन क्षेत्रमा गई आफ्नै दृष्टिबाट यथार्थ तथ्यहरूको जानकारी लिने कार्य अवलोकन हो । अन्तर्वार्ता तथा प्रश्नावलीबाट लिइएको तथ्याङ्कको प्रामाणिकता यस अवलोकन विधिले गर्दछ । यसैगरी यस अध्ययनमा पनि यस विधिको माध्यमबाट कोटगाउँबाट वैदेशिक रोजगारमा संलग्न भएका व्यक्तिहरूको पारिवारिक संरचना, पेसा, पशुपालन, घरको अवस्था, आर्थिक अवस्था र सामाजिक अवस्थासँग सम्बन्धित पक्षहरूको विवरण सङ्कलन अवलोकन विधिबाट प्रमाणिक गरिएको छ । यस शोधपत्रलाई यथार्थपरक बनाउन उत्तरदाताहरुले दिएको सूचनाहरु दृष्यावलोकनका माध्यमबाट पुष्टी गर्न यस विधिको प्रयोग गरिएको हो ।

### ३.५.४ वैयक्तिक अध्ययन

कुनै व्यक्ति वा संस्थाका बारेमा गरिने खोज नै वैयक्तिक अध्ययन हो । यसमा व्यक्ति तथा संस्थाका बारेमा पूर्ण अवलोकन गरिन्छ । यो गुणात्मक तथ्य संकलनको एउटा महत्पूर्ण बिधि हो । यसै अनुरूप यस अध्ययनमा यस बिधिका माध्यमबाट सम्बन्धित व्यक्तिहरूसँग वैदेशिक रोजगारीले पारेको प्रभाव र विदेशमा भोगेका भोगाई तथा अनुभवहरूको व्यक्तिगत रूपमा भेटघाट गरी वैदेशिक रोजगारको बारेमा भएको यथार्थतालाई प्रष्ट्याउने कोसिस गरिएको छ । खासगरी वैदेशिक रोजगारमा संलग्न परिवारहरुमा विप्रेषणले के परिवर्तन ल्यायो भनि अध्ययन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण

सङ्कलित तथ्यांकहरूलाई तिनीहरूको प्रकृतिका आधारमा परिमाणात्मक तथ्यांकलाई तालिकीकरण र वर्गीकरण गरी व्याख्या र विश्लेषण गरिएको छ । तथ्यांकहरूलाई तालिका र प्रतिशतमा पनि प्रस्तुत गरिएको छ । गुणात्मक तथ्यांकलाई व्यवस्थित ढंगले गुण र प्रकृतिका आधारमा उद्देश्य अनुसार व्याख्या र विश्लेषण गरिएको छ । तथ्यांकहरूलाई व्याख्या गर्ने क्रममा आवश्यकता अनुसार फोटो, नक्सा र अन्य सामग्रीका रूपमा पनि प्रस्तुत गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

प्रत्येक अध्ययनको आफ्नै सीमा हुन्छ । यो अध्ययन एउटा समाजशास्त्र विषयको अनुसन्धाताले तयार गर्ने शोधपत्रमा आधारित अध्ययन भएकोले समग्र देशभरबाट वैदेशिक रोजगारमा संलग्न हुने सबै व्यक्तिहरूको प्रतिनिधित्व नगर्न सक्छ । तर अध्ययन गरिएका वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको बारेमा भने जानकारी दिने छ । खासगरी यस अध्ययनको सीमा निम्न रहेका छन् ।

- अध्ययनले कोटगाउँका वैदेशिक रोजगारमा संलग्न ३८९ घरधुरीमध्ये ४० घरधुरीलाई मात्र समेटेको छ ।
- यो अध्ययन सम्बन्धित शोधकर्ताको समाजशास्त्रीय बुझाई तथा अनुसन्धान विधिमा निर्भर छ ।
- अध्ययनमा वैदेशिक रोजगारले प्रभाव पारेका सबै पक्षको अनुसन्धान नगरी अनुसन्धानकर्तालाई उपयुक्त लागेको सीमित पक्ष र विषयमा मात्र अनुसन्धान गरिएकाले यो अध्ययन गरिएको शीर्षक पूर्ण नहुन सक्छ ।

# अध्याय - चार


# अध्ययन क्षेत्रको परिचय

## ४.१ रोल्पा जिल्ला र अध्ययन क्षेत्र कोटगाउँ

रोल्पा मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत राप्ती अञ्चलमा पर्ने एक पहाडी जिल्ला हो। यसको पूर्वमा बाग्लुङ र प्युठान, पश्चिममा सल्यान उत्तरमा रुकुम र दक्षिणमा दाङ जिल्लाहरू पर्दछन्। समुद्र सतहबाट ७०१ देखि ३६३९ मिटरसम्मको उचाइमा रहेको यो जिल्ला विश्व मानचित्रमा ८४.१०° देखि ८३.९०° पूर्वी देशान्तर तथा २८.८०° देखि २८.३८° उत्तरी अक्षांशबीच अवस्थित रहेको छ। यस जिल्लाको कूल क्षेत्रफल १८७१ वर्ग कि.मि. छ। भने जिल्लामा १ नगरपालिका सहित ४९ वटा गाविसहरू रहेका छन्। केन्द्रिय तथ्याङ्क विभाग २०६८ अनुसार जिल्लाको जनसङ्ख्या २,२४,५०६ रहेको छ। जसमा १,२१,४०६ महिला र १,०३,१०० पुरुष छन् भने जिल्लामा ४४ प्रतिशत मगर, ३३ प्रतिशत क्षेत्री, १५.२५ प्रतिशत दलित, २ प्रतिशत सन्यासी, १.०७ प्रतिशत ब्राह्मण र ४.६८ प्रतिशत अन्य जातजातिहरू रहेका छन्। (जि.वि.स.को कार्यालय रोल्पा, २०७३)

रोल्पा जिल्लाको १ मात्र लिवाङ नगरपालिका अन्तर्गत पर्ने गाँउहरुमध्ये कोटगाउँ एक हो। यो गाउँ लिबाङ नगरपालिको वडा नं. ६ मा पर्दछ। यो सदरमुकाम लिबाङबाट १२ कि.मी. पश्चिममा पर्दछ। यो विश्व मानचित्रमा २८.३३° उत्तरी अक्षांश र ८२.५६° पूर्वी देशान्तरमा अवस्थित रहेको छ। यो २,९६० देखि ७,०८५ फिटसम्मको उचाइमा रहेको छ। यसको क्षेत्रफल २७ वर्ग कि.मि. रहेको छ। यसको पूर्वमा लिबाङ र ह्वामा, पश्चिममा कोर्चाबाङ र गैरिगाउँ, उत्तरमा जंकोट र दक्षिणमा करेटी गाउँहरू पर्दछन्। मिश्रित जात/जातीहरूको बसोबास रहेको यस वडाको कूल घरधुरी सङ्ख्या ८९५ रहेको छ भने कूल जनसङ्ख्या ४१५५ छ। जसमध्ये १८४७ पुरुष र २३०८ महिला रहेका छन्। यस वडामा मुख्यतया मगरहरूको बसोबास छ। कुल जनसङ्ख्यामध्ये ४७.१७ प्रतिशत मगर जातीहरू रहेका छन्। त्यसैगरी कामी २४.२४, क्षेत्री १५.२३, दमाई १२.२७, गुरुङ ०.२४ र अन्य ०.७५ जात/जातिहरूको बसोबास रहेको छ। तल नक्सा १ मा रोल्पा जिल्ला र कोटगाउँ देखाइएको छ।

नक्सा: १ रोल्पा जिल्ला र कोटगाउँ




मिश्रित जात/जातिको बसोबास रहेको कोटगाउँमा परापूर्वकालदेखि मगरहरूको बसोबास रहेको स्थानीय बुढापाकाहरूको भनाइ छ । पहिलो बसोबास गर्ने कवँर जातिका मगरहरू थिए । करिब चार सय वर्ष पहिले कोटगाउँको मूलथलोमा खोरीया खेतीको शुभारम्भ गर्ने कवँरहरूको नामबाट कोटगाउँको नामाकारण भएको मानिन्छ । आज पनि कवँरहरूको गाईभैंसी राख्ने गोठ भएको क्षेत्र कवँरयाङखुटी यसै गाउँमा पर्दछ । कोटगाउँको नाम सुरुमा कवँरगाउँ थियो पछि कोरगाउँ हुँदै कोटगाउँ भएको हो भन्ने जनविश्वास छ । त्यसपछि घर्तिमगरहरू कोटगाउँमा आएर बस्न थाले । उनीहरू सँगसँगै कामी र दमाई पनि आए । यसैगरी क्षेत्री तथा अन्य जातिहरू पनि यहाँ आएको पाइन्छ । कोटगाउँमा विभिन्न जात/जातिका मानिसहरू भएपनि एक अर्कामा मिलेर बसेका छन् । एकले अर्कोलाई आदर सम्मान गर्ने र परेको बेलामा सहयोग गर्दछन् भने यहाँको समुदायमा जातीय भेदभाव पनि

भएको देखिँदैन । यसै सन्दर्भमा कोटगाउँको जात/जाति अनुसार जनसङ्ख्याको विवरणलाई तालिका १ मा देखाइएको छ ।

**तालिका १ : कोटगाउँको जात/जाती अनुसार जनसङ्ख्याको विवरण**

| क.सं. | जात/जाति | घरधुरी सङ्ख्या | जनसङ्ख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | प्रतिशत |
| १ | मगर | ४२८ | १०७६ | ८८४ | १९६० | ४७.१७ |
| २ | कामी | २२० | ५७१ | ४३६ | १००७ | २४.२४ |
| ३ | क्षेत्री | १३२ | ३४२ | २९१ | ६३३ | १५.२३ |
| ४ | दमाई | १०५ | २९६ | २१४ | ५१० | १२.२७ |
| ५ | गुरुङ | ३ | ९ | ५ | १४ | ०.३४ |
| ६ | अन्य | ५ | १४ | १७ | ३१ | ०.७५ |
| | जम्मा | ८९५ | २३०८ | १८४७ | ४१५५ | १००.०० |

स्रोत : केन्द्रिय तथ्याङ्क विभाग , २०६८

### ४.२ अध्ययन क्षेत्रको शैक्षिक अवस्था

मानिसको सोच विचारमा सकारात्मक परिवर्तन गर्ने माध्यम शिक्षा हो । यसले मानिसलाई चेतनशीलमात्र गराउँदैन् समाज र राष्ट्रका लागि कर्तव्यनिष्ठ समेत बनाउँछ । रोल्पा जिल्लाको शैक्षिक स्तरलाई हेर्ने हो भने मध्यम खालको छ । यस जिल्लाको साक्षरता दर ६०.०५% रहेको छ । जसमा महिला ५०.४८ र पुरुषको ७१.५४ रहेको छ । यसैगरी अध्ययन क्षेत्र कोटगाउँको साक्षरता दर ५९.४१% रहेको छ । जसमा महिला ५२.२२% र पुरुषको ६८.८१% रहेको छ । (केन्द्रिय तथ्याङ्क विभाग, २०६८)

**तालिका २ : शैक्षिक अवस्था अनुसार जनसङ्ख्याको विवरण (५ वर्षभन्दा माथिको मात्र)**

| **लिङ्ग** | **साक्षरता अवस्था अनुसार जनसङ्ख्या** | | | |
|---|---|---|---|---|
| | **पढ्न र लेख्न सक्ने** | **पढ्न मात्र सक्ने** | **पढ्न लेख्न केही पनि नसक्ने** | **जम्मा** |
| पुरुष | १०७९ | ७७ | ४१२ | १५६८ |
| महिला | १०७१ | ९८ | ८८२ | २०५१ |
| जम्मा | २१५० | १७५ | १२९४ | ३६१९ |

स्रोत : केन्द्रिय तथ्याङ्क विभाग, २०६८

तथ्याङ्कमा निरक्षरको सङ्ख्याभन्दा साक्षरको सङ्ख्या बढी देखिए तापनि जिल्लाको साक्षरता दरभन्दा गाविसको साक्षरता दर ०.६४ प्रतिशतले कम देखिन्छ । यस हिसाबमा गाविसको साक्षर अवस्था केही कमजोर नै भएको देखिन्छ । त्यसैगरी पुरुषको साक्षरता दरभन्दा महिलाहरूको साक्षरता दर १६.५९ प्रतिशतले कम देखिन्छ । यसो हुनुमा यहाँका मानिसहरूको विगतका दिनहरूमा छोरीलाई पढाउनु हुन्न भन्ने मानसिकता भएको ठम्याई हुन्छ । तर हालको वर्तमान अवस्थामा भने उनीहरूको सोंचमा परिवर्तन आएको छ जसको फलस्वरूप  छोरामात्र होइन छोरीलाई पनि पढाउनु पर्छ भन्ने सोचको विकास भई आफ्ना छोरा/छोरी दुवैलाई विद्यालय पठाउने गरेको पाइन्छ । यस क्षेत्रमा एउटा प्रस्तावित माध्यामिक विद्यालय गत २४ वर्षदेखि संचालनमा छ । यसका साथै अन्य प्राथमिक तहका विद्यालय तथा र बाल विकास केन्द्र रहेका छन् । जसले यहाँका बालबालिकाहरूको पठन पाठनमा टेवा पुऱ्याएका छन् ।  तर अध्ययन क्षेत्रमा भने उच्च शिक्षा हासिलको लागि कलेजहरू नभएकाले गर्दा SLC उत्तीर्ण पश्चात् भने बाहिर जानु पर्ने अवस्था छ ।

## ४.३ प्राकृतिक स्रोत

हाम्रा वरिपरि प्राकृतिक रूपमा रहेका वनजंगल, जमिन  र खोलानाला आदि नै प्राकृतिक स्रोतहरू हुन् । यिनीहरूलाई सही सदुपयोग र संरक्षण गर्नु हाम्रो दायित्व हुन्छ । हामीले संचालन गर्ने विभिन्न पेसा तथा व्यवसायहरू  यिनै प्राकृतिक स्रोत र साधनहरूमा निर्भर रहेका हुन्छन्। अध्ययन क्षेत्रको प्राकृतिक स्रोत र साधनलाई यसरी हेर्न सकिन्छ ।

### ४.३.१ **वनजङ्गल**

अध्ययन क्षेत्रमा मध्यपहाडको मौलिकता भएको समशीतोष्ण हावापानी छ । जसले गर्दा यहाँ हुर्किने बोटविरुवाहरू पनि विभिन्न खालका छन् । यहाँको करिब ५० प्रतिशत भू-भाग जंगलले ढाकेको छ । उत्तरीपूर्व भागमा जंघा, दिगा र भलामा वन जहाँ सल्लाको जंगल अवस्थित छन् भने दक्षिणी पश्चिम भागमा झुलावाङ, दारबोट र रिमसक वनहरू अवस्थित छन् जहाँ सल्ला र साना रुख विरुवाहरू गुराँस, बाँज, कटुस, शैपा र काफलजस्ता रुखहरू रहेका छन् । यिनै वन जंगलको व्यवस्थापन तथा संरक्षण गर्नका जिल्ला वन कार्यालयबाट गठित ८ वटा सामुदायिक वन उपभोक्ता समूहहरू छन् । आम्दानीका हिसाबले यहाँको वनजंगल त्यति राम्रो मानिदैँन । र आर्थिक आम्दानीका लागि विभिन्न काष्ठ उद्योगहरू संचालन गर्न चाहिने कच्चा वस्तुहरू पनि जंगलबाट दैनिक आपूर्ति हुन सक्ने सम्भावना देखिँदैन् ।

### ४.३.२ **जमिन**

जमिन उत्पादनको महत्वपूर्ण साधन हो । जीविकाको आधार मात्र नभई परिवारको अर्थतन्त्रको महत्वपूर्ण निर्धारक पनि हो । अध्ययन क्षेत्रको जमिन रातो चिम्ताइलो खालको छ । उब्जनीको हिसाबले यहाँको माटो मध्यम खालको रहेको छ । पहिले यहाँका मानिसहरू यहि जमिनमा खेतिपाती गरेर आफ्नो जीवन निर्वाह गर्थे तर परम्परागत खेती प्रणालीले गर्दा र यस क्षेत्रमा सिचाँइसुविधाको समस्या भएको कारणले उब्जनी राम्रो नहुँदा अहिले यहाँका मानिसहरूले वैदेशिक रोजगारलाई आर्थिक आम्दानीको वैकल्पिक माध्यम बनाएका छन् ।

### ४.३.३ **नदीनाला**

अध्ययन क्षेत्रमा बहने परेमाखोला जलसम्पदाको मुख्य स्रोत हो । वर्षायाममा पानीको मात्रा बढ्ने र हिउँदयाममा पानीको मात्रा घट्ने भएकाले यस खोलाबाट बर्षायामको धानखेति मात्र गर्न सकिन्छ भने हिउँदमा यो खोलाको सिँचाईबाट खेति गर्न सक्ने संभावना छैन । त्यसैले अध्ययन क्षेत्रका प्राय घरधुरीहरूका खेतमा १ बाली (धान) मात्र उत्पादन हुन्छ । अध्ययन क्षेत्रको नजिकमा पर्ने माडिखोला र निर्मीखोला बस्तीभन्दा धेरै तल पर्ने भएकोले

यी नदीहरूबाट सिचाँइ गर्न सकिँदैन । साथै यहाँ एउटा खोलाबाङ मूल रहेको छ जो मानिसहरू खानेपानी पिउनका लागि मात्र प्रयोग गर्दछन् । यहाँ पर्याप्त नदिनालाहरू नभएका कारण कृषि उत्पादनका लागि सिंचाइको अभाव देखिन्छ ।

# अध्याय - पाँच

# नमूना घरधुरीहरूको सामाजिक-आर्थिक अवस्था

कुनैपनि व्यक्ति तथा परिवारको सामाजिक तथा आर्थिक पक्षले उसको वैयक्तिक तथा पारिवारिक अवस्थालाई उजागर गर्दछ । समाजको अध्ययनमा सम्बन्धित क्षेत्रको जनसङ्ख्या र उक्त जनसङ्ख्याको सामाजिक तथा आर्थिक पक्षहरुले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । सर्वप्रथम, अनुसन्धाताले कुनैपनि विषयको अनुसन्धान गर्दा समाजशास्त्रीय दृष्टिकोणबाट आफुले अध्ययन गर्ने जनसंख्याको विशेषता, उनीहरुको सामाजिक तथा आर्थिक अभ्यासहरु र सम्बन्धित विषयबस्तुको बारेमा केन्द्रित हुन जरुरी हुन्छ । यसैअनुरुप यस अध्यायमा पनि नमुना घरधुरीहरुको जनसाङ्ख्यिक परिचयलाई प्रस्तुत गरिएको छ । साथै नमुना घरपरिवारहरूको सामाजिक तथा आर्थिक पक्षहरु जस्तैः जात/जाति, उमेर/लिङ्ग, वैवाहिक अवस्था, परिवारको प्रकार, शैक्षिक अवस्था, घरधुरीहरूको पेसा, जमिनको स्वामित्व, कृषि तथा पशुपालनको अवस्था र आम्दानी तथा खर्चका स्रोतहरूजस्ता कुरालाई विस्तृत विश्लेषण गरिएको छ ।

## ५.१ जात/जाति

अध्ययन क्षेत्रमा मिश्रित जात/जातिहरू खासगरी क्षेत्री, मगर, कामी र दमाईको बसोबास रहेको छ । नमूनामा छानिएका घरधुरीहरूको जातीय अवस्था अनुसारको जनसङ्ख्याको विवरणलाई तालिका ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३ : नमूना घरधुरीहरूको जात/जातिगत जनसङ्ख्याको विवरण**

| क्र.सं. | जात/जाति | घरधुरी | जनसङ्ख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | |
| १ | मगर | २० | ५२ | ४७ | ९९ | ४७.८३ |
| २ | कामी | १२ | २९ | ३२ | ६१ | २९.४७ |
| ३ | दमाई | ४ | ११ | १३ | २४ | ११.५९ |
| ४ | क्षेत्री | ४ | १३ | १० | २३ | ११.११ |
| जम्मा | | ४० | १०५ | १०२ | २०७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

मिश्रित जात/जातिहरूको बसोबास रहेको कोटगाउँमा मगर जातिको अनुपात ४७ प्रतिशत रहेको छ भने अन्यमा कामी दमाई, क्षेत्री र गुरुङ जाति रहेका छन् । आज यी जातिहरू मिलेर कोटगाउँको समाज बनेको छ । एकाध छिटफुट बाहेक जातीय द्वन्द्व भएको यहाँ सुनिदैंन । अध्ययनका क्रममा यहाँको समाजमा एकअर्काबीचमा जातीय सहिष्णुता र समन्वय भएको पाइयो ।

## ५.२ उमेर/लिङ्ग

आर्थिक उपार्जनको हिसाबले सक्रिय समूह र निष्कृय समूह कुन हो भन्ने कुराको प्रतिनिधित्व व्यक्तिहरूको उमेरले गर्दछ । कुनै पनि व्यक्तिको सामाजिक तथा आर्थिक जीवनमा उसको उमेरले प्रभाव पार्दछ । यसैक्रममा यस अनुसन्धानमा पनि नमूना घरधुरीहरूको परिवार सङ्ख्यालाई विभिन्न उमेर समूहमा विभाजन गरी लिङ्गका आधारमा छुट्याएर हेरिएको छ । जसको विवरण तालिका ४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४ : नमूना घरधुरीहरूको जनसङ्ख्याको उमेर र लिङ्गगत विवरण**

| क.सं. | उमेर समूह | जम्मा सङ्ख्या | | जम्मा | |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | सङ्ख्या | प्रतिशत |
| १ | ०-५ | ९ | १० | १९ | ९.१८ |
| २ | ६-१० | १५ | १३ | २८ | १३.५३ |
| ३ | ११-१५ | १५ | ८ | २३ | ११.११ |
| ४ | १६-२० | ८ | ७ | १५ | ७.२५ |
| ५ | २१-२५ | ९ | १० | १९ | ९.१८ |
| ६ | २६-३० | १२ | १४ | २६ | १२.५६ |
| ७ | ३१-३५ | ५ | ८ | १३ | ६.२८ |
| ८ | ३६-४० | ८ | १० | १८ | ८.७० |
| ९ | ४१-४५ | ७ | ८ | १५ | ७.२५ |
| १० | ४६-५० | ४ | २ | ६ | २.९० |
| ११ | ५१-५५ | ३ | ३ | ६ | २.९० |
| १२ | ५६-६० | ६ | ६ | १२ | ५.८० |
| १३ | ६१ भन्दा माथि | ४ | ३ | ७ | ३.३८ |
| जम्मा | | १०५ | १०२ | २०७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

विभिन्न उमेर समूहमध्ये १६-६० उमेर समूहका मानिसहरू उत्पादनशील जनशक्तिका हिसाबले सक्रिय समूह हुन् । नमुना घरधुरीका कुल जनसङ्ख्यामध्ये ६२.८० प्रतिशत मानिसहरू उत्पादनका हिसाबले सक्रिय उमेर समूहभित्र पर्दछन् । त्यही उमेर समूहका मानिसहरू आफ्नो परिवारको जीवन निर्वाहका लागि उत्पादनशील क्षेत्रहरू कृषि, पशुपालन, तथा अन्य विभिन्न व्यवसायमा संलग्न छन् यसका साथै उनीहरू ज्यालामजदुरी र वैदेशिक रोजगारमा समेत संलग्न भएका छन् । अध्ययन क्षेत्रमा पोषणयुक्त आहार, स्वास्थ्यप्रतिको चेतना र स्वस्थकर जीवनशैलीको अभावले गर्दा ६० वर्षभन्दा माथिको जनसङ्ख्या न्यून (३.३८%) रहेको देखिन्छ । राष्ट्रिय औसत भन्दा अध्ययन क्षेत्रको ज्येष्ठ नागरिकहरूको औसत सङ्ख्याको प्रतिशत आधाभन्दा पनि कम छ । यसले अध्ययन क्षेत्रको दरिद्रतालाई प्रतिबिम्बित गरेको छ ।

### ५.३ वैवाहिक अवस्था

विवाह मानव जीवनको महत्वपूर्ण पक्ष हो । विवाह एउटा मुख्य सूक्ष्म सामाजिक संस्था भएकोले व्यक्तिले विवाह पश्चात् विभिन्न भूमिका र जिम्मेवारीहरू बहन गर्नु पर्दछ । जस्तै एउटी महिलाले छोरीको भूमिकाबाट बुहारीको भूमिकामा बदलिनु पर्ने हुन्छ । विवाहले मानिसहरूलाई विभिन्न नाता सम्बन्धमा बाँधेर राख्दछ । जसबाट सामाजिक व्यवस्था संचालन भएको हुन्छ भने निश्चित मूल्य मान्यताहरू कायम भएको हुन्छ । समाजमा हुने विभिन्नखाले विकृतिहरूको नियन्त्रण हुन्छ । नमूना घरधुरीहरूको जनसङ्ख्याको वैवाहिक स्थितिलाई तालिका ५ प्रस्तुत गरिएको छ ।

**तालिका ५ : नमुना घरधुरीको वैवाहिक अवस्था अनुसार जनसङ्ख्याको विवरण**

| क्र.सं. | वैवाहिक अवस्था | जनसङ्ख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | विवाहित | ५४ | ५४ | १०८ | ५२.१७ |
| २ | अविवाहित | ४७ | ४६ | ९३ | ४४.९३ |
| ३ | एकल | ४ | २ | ६ | २.९० |
| जम्मा | | १०५ | १०२ | २०७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

अध्ययन क्षेत्रमा १८ वर्ष उमेर मुनिका व्यक्तिहरूको विवाह भएको पाइएन । मगर जातिका केटाले आफ्नै मामाकी छोरी विवाह गर्नु पर्छ भन्ने बाध्यता आजभोलि छैन । बरु केटाले आफूभन्दा कान्छी र केटीले आफूभन्दा जेठो जोडी रोज्न थालेका छन् । अध्ययन क्षेत्रमा मागी विवाह र प्रेम विवाह दुवै प्रचलनमा रहेछन् । पहिले मागी विवाहलाई बढी जोड दिइन्थ्यो भने अहिले प्रेम विवाह बढी चलनमा आएको पाइयो । मागी विवाहका कारण बहुविवाहको विकृति थियो तर नमूना घरधुरीहरूमा आजभोलि बहुविवाह गर्ने पुरुषहरू भेटिएनन् । यहाँका मानिसहरू खेतीपातीलाई छोडेर वैदेशिक रोजगार र विप्रेषणमा भर पर्न थालेपछि परम्परागत सामाजिक विकृति विस्तारै हट्दै गएको छ । यसैगरी माथिको तथ्याङ्कमा उल्लेख भएको एकल महिला/पुरुषमध्ये १ महिला र १ पुरुष ६० वर्ष भन्दा कम उमेरका छन् भने अन्य ६० वर्षभन्दा माथिका मात्र छन् ।

## ५.४ पारिवारिक संरचना

परिवार आधारभूत सामाजिक संस्था हो । परिवारबाट नै मानिस सामाजिक रूपमा रूपान्तरित हुन्छ । सामान्यतयाः एउटा परिवारमा विवाहित दम्पती र उनीहरूबाट जन्मिएका छोराछोरीहरू संलग्न हुन्छन् । जनसङ्ख्याका आधारमा नमूना घरधुरीहरूको पारिवारिक संरचनालाई तालिका ६ मा उल्लेख गरिएको छ ।

**तालिका ६ : जनसङ्ख्याको आधारमा नमूना घरधुरीहरूको पारिवारिक संरचना सङ्ख्या**

| क्र.सं. | परिवारको आकार | घरधुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सानो (१-४ जना सम्म) | १३ | ३२.५ |
| २ | मध्यम (५-८ जना सम्म) | २६ | ६५ |
| ३ | ठुलो (९जना वा सो भन्दा माथि) | १ | २.५ |
| | जम्मा | ४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

अध्ययन क्षेत्रमा एउटा परिवारमा ३ देखि १० जनासम्म सदस्य भएको परिवार पाइयो । बनावटका आधारमा अध्ययन क्षेत्रमा सानो, मध्यम र ठुलो परिवार भएको पाइयो । अध्ययनमा छानिएका घरधुरीमध्ये सानो परिवार भएको घर १३, मध्यम परिवार भएको घर २६ र ठुलो परिवार भएको घर १ मात्र रहेका थिए । अध्ययन क्षेत्रमा रहेका मगर समुदायमा

ठुलो परिवारको प्रचलन भएता पनि आर्थिक उन्नतिसँगै सानो परिवारलाई बढी महत्व दिएको पाइएको छ । माथि उल्लेखित घरधुरीहरूमध्ये १ घरपरिवारमात्र १० जनासम्म परिवार सङ्ख्या भएको पाइयो भने ८ जनासम्म परिवार सङ्ख्या भएका घरधुरी २ मात्र पाइयो । त्यसैगरी सबैभन्दा बढी ५-८ जनासम्म परिवार सङ्ख्या भएको घरधुरी २६ पाइयो । जनगणना २०६८ अनुसार कोटगाउँको औसत घरधुरीको परिवार साइज ४.६४ रहेको छ । तर नमूना घरधुरीहरूको परिवार साइज ५.१८ हुन आई गाविसको औसत परिवार सङ्ख्याभन्दा अध्ययन क्षेत्रको परिवार सङ्ख्या ०.५४ प्रतिशतले बढी देखिन्छ । यसो हुनुमा ५-८ जनासम्मको परिवार सङ्ख्या हुने २६ घरधुरीले भूमिका खेलेको छ ।

## ५.५ शैक्षिक अवस्था

शिक्षाले मानिसको सोचविचारमा सकारात्मक परिवर्तन ल्याउँछ । यसले मानिसको जीवनस्तरलाई स्तरीयता बनाउन सहयोग गर्दछ । शिक्षा मानिसको सामाजिक तथा आर्थिक उपलब्धि प्राप्ति र बौद्धिक विकासको एउटा महत्वपूर्ण माध्यम हो । यसै सन्दर्भमा अध्ययनमा संलग्न नमूना घरधुरीका सदस्यहरूको शैक्षिक अवस्थाको विवरणलाई तालिका ७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७ : नमूना घरधुरीहरूको शैक्षिक अवस्था अनुसार जनसङ्ख्याको विवरण**

| क्र.सं. | शैक्षिक विवरण | जनसङ्ख्या विवरण | | | प्रतिशत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | निरक्षर (क) | १२ | ५ | १७ | ९.०४ |
| २ | साक्षर (ख) | २६ | ११ | ३७ | १९.६८ |
| ३ | १-५ कक्षासम्म | २५ | ४० | ६५ | ३४.५७ |
| ४ | ६-१० कक्षासम्म | २३ | २३ | ४६ | २४.४७ |
| ५ | एस.एल.सी. पास | ४ | ३ | ७ | ३.७२ |
| ६ | + २ पास | ३ | ६ | ९ | ५.३२ |
| ७ | बि.ए. पास | ३ | २ | ५ | २.६६ |
| ८ | एम.ए. पास | ० | १ | १ | ०.५३ |
| | **जम्मा** | **९६** | **९२** | **१८८** | **१००** |
| (क) निरक्षर- पढ्न र लेख्न दुवै नजान्ने, (ख) साक्षर- पढ्न र लेख्न दुवै जान्ने | | | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

नमूना घरधुरीहरूको अध्ययन गर्दा ५ वर्षभन्दा कम उमेरका बालबालिकालाई समावेश गरिएको छैन । माथि उल्लेखित तथ्याङ्कमा ५ वर्षभन्दा माथि उमेर समूहको मात्र हो । तथ्याङ्क अनुसार निरक्षरको सङ्ख्या भन्दा साक्षरको सङ्ख्या बढी देखिन्छ । सरकारी तथा गैरसरकारी संघसंस्थाहरूले संचालन गर्ने शैक्षिक कार्यक्रमहरू जस्तैः प्रौढ शिक्षा, महिला शिक्षा र अनौपचारिक शिक्षाजस्ता कार्यक्रमहरूले अध्ययन क्षेत्रका मानिसहरू साक्षर हुनुमा भूमिका खेलेको देखिन्छ । तथ्याङ्कमा निरक्षर महिलाको सङ्ख्या पुरुषको भन्दा झन्डै ५०% ले बढी देखिन्छ । उत्तरदाताहरूको भनाइ अनुसार विगतका दिनहरूमा छोरीलाई पढाउनु हुन्न भन्ने मान्यता थियो जसले गर्दा महिलाहरू प्रायः निरक्षर नै थिए तर पछि उनीहरू गाउँमा संचालन हुने साक्षरता कक्षाहरूमा सहभागी भई साक्षर भएका हुन् । तर आजभोलि यहाँका मानिसहरू वैदेशिक रोजगारमा संलग्न भएपछि भने उनीहरूको आम्दानीमा सुधार आएको देखिन्छ । साथै आफ्ना छोराछोरीलाई विद्यालय पठाउने चलनमा समेत बृद्धि भएको देखिन्छ । जसले गर्दा नमूना घरधुरीका आधा हिस्सा जनसङ्ख्या  अध्ययनमा संलग्न भएको देखिन्छ । वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणले गर्दा उनीहरूका बालबालिकाहरू कृषि/पशुपालन र ज्याला मजदुरी जस्ता काममा जानु पर्ने बाध्यता छैन । बरु उनीहरूको पढाइ खर्चका लागि विप्रेषणले सहयोग गरेको देखिन्छ । यसबाट अध्ययन क्षेत्रका मानिसहरूको शिक्षा क्षेत्रमा आकर्षण र लगानी गर्ने सोंचको विकास भएको स्पष्ट हुन्छ ।

## ५.६ नमूना घरधुरीका परिवारहरूको पेसा

पेसा मानिसको जीवनयापनको मुख्य आधार हो । कुनैपनि व्यक्तिले आफ्नो र परिवारको जीवननिर्वाहका लागि गर्ने काम वा रोजगार नै पेसा हो । यो मुख्य रूपमा जीविकोपार्जन वा जीवन निर्वाह गर्नका लागि अपनाइने बाटो वा माध्यम हो ।  कृषि प्रधान देश नेपालमा स्वभाविक रूपले कृषिमा निर्भर  मानिसहरूको सङ्ख्या बढी नै हुन्छ । अध्ययनमा संलग्न नमूना घरधुरीका मानिसहरूको पेसागत विवरणलाई तालिका ८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ८ : पेसागत विवरण**

| क्र.सं. | पेसागत विवरण | जनसङ्ख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | कृषि/पशुपालन | ५३ | २० | ७३ | ३८.८३ |
| २ | अध्ययन | ३७ | २४ | ६१ | ३२.४५ |
| ३ | वैदेशिक रोजगार | १ | ४१ | ४२ | २२.३४ |
| ४ | ज्याला मजदुरी | ० | ५ | ५ | २.६६ |
| ५ | रोजगार/शिक्षण | ३ | २ | ५ | २.६६ |
| ६ | व्यापार | २ | ० | २ | १.०६ |
| जम्मा | | ९६ | ९२ | १८८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

परम्परागत कृषि पेसा यहाँका मानिसहरूको जीवनयापनको मुख्य आधार हो । नमूना घरधुरीको पेसागत विवरणमा ५ वर्षभन्दा कम उमेरका बालबालिकालाई समावेश गरिएको छैन । यहाँको कृषि पेसा व्यवसायिक नभएर निर्वाहमुखी हो । कृषि पेसामा पुरुषभन्दा महिलाको सङ्ख्या बढी देखिएको छ । पुरुषहरू वैदेशिक रोजगारमा संलग्न भएकाले यस्तो तथ्याङ्क देखिएको हो । वैदेशिक रोजगारमा महिलाको संलग्नतालाई हेर्दा २ प्रतिशत अथवा ४२ मा १ जना मात्र संलग्न भएको देखिन्छ । महिलाहरूले घर छोड्नु हुन्न भन्ने मान्यता र विदेश गएका महिलाहरूलाई सामाजिक रूपमा राम्रो दृष्टिकोणले नहेरिने भएका कारण वैदेशिक रोजगारमा संलग्न पुरुषभन्दा महिलाको सङ्ख्यामा कमी देखिएको हो । परम्परागत कृषि उत्पादनबाट सोचे अनुरूप आम्दानी नहुँदा आजभोलि खेतीपातीलाई छोडी यहाँका प्रायः पुरुषहरू वैदेशिक रोजगारप्रति आकर्षित भएको देखिन्छ । वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणले उनीहरूको दैनिक उपभोग खर्च लगायत शिक्षा, स्वास्थ्य र सञ्चारजस्ता खर्च सजिलै टर्ने भएको हुँदा कृषि पेसासँगसँगै अध्ययन र वैदेशिक रोजगारजस्ता पेसालाई पनि अपनाएको देखिन्छ ।

## ५.७ जमिनको स्वामित्व

जमिन अचल सम्पतिको स्रोत हो । कृषि पेसाको मुख्य स्रोत नै जमिन हो । अध्ययन क्षेत्रका अधिकांश मानिसहरूको जीविकोपार्जनको मुख्य प्राकृतिक स्रोतहरूमध्ये जमिन पनि एक हो । यहाँका मानिसहरूले जमिनलाई खेत र बारी गरी २ प्रकारले प्रयोग गरेका छन् । खेतमा धान र गहुँजस्ता अन्न उब्जाउ गर्ने र बारीमा मकै, गहुँ र भटमासजस्ता अन्न उब्जनी गरेको पाइयो । अध्ययनमा संलग्न व्यक्तिहरूसँग भएको जमिनको स्वामित्वलाई तालिका ९ मा प्रस्तुत गरिएको छ ।

**तालिका ९ : जमिनको स्वामित्व अनुसार नमूना घरधुरीहरूको विवरण**

| क्र.सं. | जमिनको स्वामित्व | बारी भएका घरधुरी | | खेत भएका घरधुरी | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | १-५ रोपनी | २२ | ५५% | ३८ | ९५% |
| २ | ६-१० रोपनी | १४ | ३५% | २ | ५% |
| ३ | ११ रोपनीभन्दा माथि | ४ | १०% | - | - |
| जम्मा | | ४० | | ४० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

अध्ययनमा छानिएका नमूना घरधुरीहरूमा कुनै पनि घरधुरी भूमिहिन नरहेको अवस्था छ । यहाँका मानिसहरूको जमिनको स्वामित्व मध्यमखालको पाइयो । १-५ रोपनी सम्म जमिन र खेत हुने व्यक्तिहरू बढी देखिए । ६-१० रोपनीसम्म खेत हुनेको सङ्ख्या धेरै कम देखिएको छ । अध्ययन क्षेत्रको जमिनको आकार समथर नभई भिरालोखालको भएको र खेती गर्नका लागि सिचाँइको अभावसमेत रहेकोले यहाँका मानिसहरू आफ्नो जमिनलाई खेतभन्दा बारीका रूपमा उपयोग गर्न सजिलो मान्दछन् । जसले गर्दा १-५ रोपनीभन्दा बढी खेत हुनेको सङ्ख्या थोरै छ । उत्तरदाताहरूको भनाइ अनुसार खेतीपातीका लागि आकासे पानीमा भर पर्नु पर्ने अवस्था  छ । त्यसमा पनि परम्परागत खेती प्रणालीमा आधारित कृषि पेसा रहेकाले पर्याप्त उत्पादन हुँदैन र सोचेजति आम्दानी पनि गर्न नसक्ने अवस्था छ । त्यस कारण यहाँका युवा तथा ऊर्जाशील जनशक्तिले वैकल्पिक पेसाका रूपमा वैदेशिक

रोजगारलाई अँगालेको छ । जसको फलस्वरूप प्रति घरपरिवार १ जनो सदस्य वैदेशिक रोजगारमा संलग्न हुनु परेको अवस्था छ । यसै सन्दर्भमा अध्ययनमा संलग्न घरधुरीहरूले जमिनको उपयोग कसरी गरिरहेका छन् भन्ने कुरालाई तालिका १० मा प्रस्तुत गरिएको छ ।

**तालिका १० : जमिनको उपयोगिताको विवरण**

| क्र.सं. | जग्गाको किसिम | घरधुरी सङ्ख्या | |
|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत |
| १ | आफ्नो नामको खेत आफैँले कमाउने | २७ | ६७.५०% |
| २ | आफ्नो नामको खेत आफैँले नकमाउने | १३ | ३२.५०% |
| **जम्मा** | | **४०** | **०%** |
| १ | आफ्नो नामको बारी आफैँले कमाउने | ४० | १००% |
| २ | आफ्नो नामको बारी आफैँले नकमाउने | - | - |
| **जम्मा** | | **४०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

नमूना घरधुरीहरूमध्ये १००% ले आफ्नो नाममा भएको बारी आफैँले प्रयोग गरेको पाइयो । त्यसैगरी आफ्नो नाममा भएको खेत आफैँले प्रयोग गर्ने घरधुरी ६७.५०% मात्र पाइए भने अन्य घरधुरीहरूले खेत बाँझै राखेको पाइयो । अध्ययन क्षेत्रमा अरुको जग्गा कमाउने र आफ्नो जग्गा अरुलाई कमाउन दिने प्रचलन नभएकाले त्यसखालको तथ्याङ्क प्राप्त भएन । आजभोलि अध्ययन क्षेत्रका प्रायः पुरुषहरू वैदेशिक रोजगारमा संलग्न रहने र युवा पिँढीहरू अध्ययनमा संलग्न रहने भएकाले उनीहरूको खेत तथा बारी बाँझो रहने अवस्था आएको हो । तर वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणले यहाँका मानिसहरूको आर्थिक अवस्था सुधार गर्नमा भने टेवा पुगेको देखिन्छ । साथै उनीहरूले आफ्ना बालबालिकाहरूलाई खेतीपाती तथा घरधन्दाको कामभन्दा अध्ययनका लागि प्रोत्साहन गरेको पाइयो ।

## ५.८ पशुपक्षी

सामान्यतया पशुपक्षीको सम्बन्ध कृषिसँग रहने गर्छ । विशेषतः ग्रामीण परिवेश जहाँ खेतीपाती गरिन्छ त्यस्तो क्षेत्रमा पशुपक्षी बढी मात्रामा पाल्ने गरेको देखिन्छ । यसका अलावा पशुपक्षीलाई हामी नगदका रूपमा पनि लिन सक्छौं भने पशुपक्षी पाल्ने कार्यमा सामाजिक तथा सांस्कृतिक मूल्य मान्यताले पनि प्रभाव पारेको देखिन्छ । अध्ययन क्षेत्रका वैदेशिक रोजगारमा संलग्न नमूना घरधुरीहरूले पनि विभिन्न खालका पशुपक्षीहरू पालन गरेको पाइयो । जसलाई तालिका ११ मा प्रस्तुत गरिएको छ ।

**तालिका ११ : पशुपक्षीपालन अनुसार घरधुरी र पशुपक्षीको विवरण**

| क्र.सं. | पशुपक्षीको विवरण | जम्मा घरधुरी सङ्ख्या | प्रतिशत | जम्मा पशुपक्षी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | गाई/गोरु | ३९ | ९७.५ | ९३ | १७.७५ |
| २ | बाखा/भेडा | ३६ | ९० | १६७ | ३१.८७ |
| ३ | हाँस/कुखुरा | २४ | ६० | २४८ | ४७.३३ |
| ४ | भैंसी | ७ | १७.५ | १५ | २.८६ |
| ५ | सुँगुर | १ | २.५ | १ | ०.१९ |
| जम्मा | | | | ५२४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

अध्ययनमा छानिएका नमूना घरधुरीहरूले गाई/गोरु, बाखा/भेडा, हाँस/कुखुरा, भैंसी र सुँगुरजस्ता पशुपक्षीहरू पालेको देखियो । नमुना घरधुरीले एउटामात्र पशुपक्षीपालन नगरी सबैखालको पशुपक्षी पालेकोले घरधुरीहरू दोहोरिएका छन् । नमूना घरधुरीहरूमध्ये १ कामी जातिको घरमा कुनै पनि पशुपक्षी पालन नगरेको पाइयो । सबैभन्दा बढी ९७ प्रतिशत घरधुरीले गाई/गोरु पालेको पाइयो भने सबैभन्दा कम २ प्रतिशत (१) घरधुरीले सुँगुर पालेको पाइयो । अध्ययन क्षेत्रका मानिसहरू देवी देवताप्रति आस्था र विश्वास राख्ने र सुँगुरलाई जुठो पशुका रूपमा हेरिने भएकोले सुगुरपालन गर्नेको सङ्ख्यामा कमी देखिएको हो । उनीहरूले व्यवसायिकरूपमा भन्दा पनि जीवन निर्वाहका लागिमात्र पशुपालन गरेको

पाइयो । नमूना घरधुरीमध्ये २ घरले मात्र कम सङ्ख्यामा ब्रोइलर/लेयर्स कुखुरा पालन गरेको पाइयो । उनीहरूले मुख्य गरी कृषि उत्पादन प्रयोजनका लागि गाई/गोरु तथा भैंसी र नगद तथा  मासु प्रयोजनका लागि भैंसी, बाख्रा भेडा र हांस/कुखुराहरू पालेको पाइयो । साथै नगद आम्दानीका हिसाबले बाख्रा/भेडा र हाँस/कुखुराहरू धेरै सङ्ख्यामा पालेको पाइयो ।

## ५.९ मुख्य बालीहरू

अध्ययन क्षेत्रका मानिसहरूको निर्वाहमुखी कृषि उत्पादन नै उनीहरूको मुख्य पेसारहेको देखिन्छ ।  विशेषगरी यस क्षेत्रका मानिसहरू व्यवसायीमुखी उत्पादन भन्दापनि निर्वाहमुखी उत्पादन गर्छन् । उनीहरूको मुख्य कृषि बालीहरूमा खाद्यान्न अन्तर्गत मकै, गहुँ, धान र भटमास, तरकारी अन्तर्गत काउली, बन्दा, सिमी बोडी, टमाटर, आलु र फलफूल अन्तर्गत केरा, अम्बा, सुन्तलाजस्ता बालीहरू पर्दछन् । अध्ययनमा संलग्न घरपरिवारहरूले बिक्री वितरणको लागि भन्दा पनि आफुले खानका लागि माथिका बालीहरू उत्पादन गरेको पाइयो । उत्तरदाताहरूको भनाइ अनुसार माथिका बालीहरूमध्ये उनीहरूले खाद्यान्न अन्तर्गतको भटमासलाई मात्र नगद आम्दानीको लागि विक्री गर्ने गरेको र अन्य उत्पादित वस्तुहरू घरमै खपत हुने गरेको पाइयो । यसै सन्दर्भमा नमूना घरधुरीहरूको आफ्नै उत्पादनले परिवारलाई कति समयसम्म खान पुग्दछ भन्ने कुरालाई तालिका १२ मा प्रस्तुत गरिएको छ ।

**तालिका १२ : नमूना घरधुरीको उत्पादन वितरण सम्बन्धि विवरण**

| क्र.सं. | खान पुग्ने समय | जात/जाति अनुसारको घरधुरी सङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | मगर | कामी | क्षेत्री | दमाई | जम्मा | प्रतिशत% |
| १ | ३ महिनासम्म | ० | ५ | ० | १ | ६ | १५ |
| २ | ६ महिनासम्म | १२ | ७ | १ | ३ | २३ | ५७.५० |
| ३ | ९ महिनासम्म | ५ | ० | २ | ० | ७ | १७.५० |
| ४ | १२ महिनासम्म | ३ | ० | १ | ० | ४ | १० |
| | जम्मा | २० | १२ | ४ | ४ | ४० | १०० |

स्रोत :  स्थलगत सर्वेक्षण, २०७३

नमूना घरधुरीहरूमध्ये ९० प्रतिशत घरधुरीमा १२ महिना खाना नपुगेको अवस्था छ । परम्परागत खेती प्रणाली र सिचाँइको अभावका कारण अध्ययन क्षेत्रमा सोचेजति कृषि उत्पादन हुन सकेको छैन । जसले गर्दा यहाँका प्रायः घरपरिवारका युवा तथा ऊर्जाशील जनशक्तिहरू वैदेशिक रोजगारमा संलग्न भएको पाइयो । यस्ता परिवारले वैदेशिक रोजगारबाट प्राप्त आम्दानी खाद्यान्न आपूर्तिमा खर्च गर्ने गरेको अवस्था छ । उनीहरूको कृषि उत्पादनले वर्षैभरि खान नपुगे पनि वैदेशिक रोजगारबाट प्राप्त आम्दानीले उक्त अभावको पूर्ति गरेको देखिन्छ ।

### ५.१० आम्दानी र खर्च

आम्दानी भन्नाले कुनै पनि व्यक्ति वा परिवारले गरेको पेसाबाट आर्जित नगद वा जिन्सिलाई बुझिन्छ भने खर्च भन्नाले कुनै पनि व्यक्ति वा परिवारले आफ्नो परिवारको जीविका चलाउन विभिन्न क्षेत्रमा खर्चिएको नगद वा जिन्सीलाई बुझिन्छ । यस शीर्षकको तथ्याङ्क सङ्कलनगर्दा अध्ययनमा संलग्न घरधुरीहरूले विभिन्न स्रोतबाट नगद स्वरूप वार्षिक रूपमा प्राप्त गर्ने आम्दानी र परिवार चलाउनलाई विभिन्न क्षेत्रमा गर्ने नगद खर्चको विवरणलाई मात्र सङ्कलनगरिएको छ । यसै सन्दर्भमा नमूना घरधुरीहरूले वार्षिक रूपमा कुन-कुन स्रोतबाट आम्दानी गरी कुन कुन क्षेत्रमा कति रकम खर्च गर्दछन् सोको आम्दानी तथा खर्चको विवरण तालिका १३ मा प्रस्तुत गरिएको छ ।

**तालिका १३ : नमूना घरधुरीहरूको कुल वार्षिक आम्दानी र खर्च विवरण**

| क्र.सं. | आम्दानी र खर्चका क्षेत्रहरू | कुल वार्षिक आम्दानी | प्रतिशत | कुल वार्षिक खर्च | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | वैदेशिक रोजगार | १,४४,१२,००० | ८३.९० | | |
| २ | नोकरी/शिक्षण | ११,९०,००० | ६.९३ | | |
| ३ | कृषि/पशुपालन | ९,६६,५०० | ५.६३ | १,९०,५०० | ४.१२ |
| ४ | ज्याला मजदुरी | ३,५०,००० | २.०४ | | |
| ५ | व्यापार | २,६०,००० | १.५१ | २,००,००० | ४.२५ |
| ६ | दैनिक उपभोग | | | १८,९०,००० | ४०.१४ |
| ७ | शिक्षा | | | १७,८५,००० | ३७.९१ |
| ८ | स्वास्थ्य/सञ्चार | | | ६,४३,५०० | १३.६७ |
| | जम्मा | १,७१,७८,५०० | | ४७,०९,००० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

नमूना घरधुरीहरूको कुल वार्षिक आम्दानीमा वैदेशिक रोजगारको ८३ प्रतिशत योगदान रहेको देखिन्छ भने अन्यमा कृषि/पशुपालन, नोकरी, ज्याला मजदुरी र व्यापार व्यवसाय रहेको देखिन्छ । त्यसैगरी उनीहरूको कुल वार्षिकखर्चमा दैनिक उपभोग खर्चमा ४० प्रतिशत त्यसपछि शिक्षामा ३७ प्रतिशत र अन्यमा कृषि/पशुपालन, स्वास्थ्य/संचार र व्यापारजस्ता क्षेत्रमा खर्च गरेको पाइयो । कृषिमा खर्च कम देखिनुको कारण कृषि उत्पादनका लागि परिवारका सदस्य स्वयंले गरेको श्रमलाई नगदमा तुलना नगरेकाले हो भने शिक्षामा बढी खर्च देखिनुको कारण उनीहरूका छोराछोरी प्रायः सबै विद्यालय जाने र उच्च शिक्षा हासिलको लागि कलेज पढ्न गाउँभन्दा बाहिर जानुपर्ने अवस्थाले गर्दा शिक्षा क्षेत्रमा खर्च बढी देखिएको हो । जसरी उनीहरूको वार्षिक आम्दानी सुधार गर्नमा वैदेशिक रोजगारले महत्वपूर्ण भूमिका  खेलेको छ त्यसैगरी उनीहरूको दैनिक उपभोग खर्चदेखि शिक्षा, स्वास्थ्य तथा संचारजस्ता क्षेत्रको खर्च व्यवस्थापनमा पनि सहयोग गरेको देखिन्छ ।

# अध्याय - छ

# वैदेशिक रोजगारले परिवार र समाजमा ल्याएको परिवर्तन

विगत दुई दशकयता नेपालबाट वैदेशिक रोजगारीका लागि खाडी मुलुकहरूमा जाने क्रम तीव्र छ । वैदेशिक रोजगारीमा गएका कामदारहरूले पठाउने विप्रेषणमा वृद्धि भई हरेक घरपरिवारको आम्दानी बढ्न गएको छ । अध्ययन क्षेत्रबाट पनि युवाहरू वैदेशिक रोजगारमा जाने क्रम बढेको पाइयो । यस अध्यायमा अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा गएका व्यक्तिहरूको जनसांख्यिक विवरण र विप्रेषणले उनिहरुको परिवार तथा समाजमा ल्याएको परिवर्तनबारे चर्चा गरिएको छ ।

## ६.१ वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको उमेर/लिङ्ग

अध्ययनमा छानिएका नमूना घरधुरीहरूबाट वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको उमेर/लिङ्ग अनुसारको विवरण तालिका १४ मा प्रस्तुत गरिएको छ ।

**तालिका १४ : वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको लैङ्गिक विवरण**

| क्र.सं. | उमेर समूह | वैदेशिक रोजगारमा संलग्न | | | प्रतिशत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | २० वर्षभन्दा कम | ० | २ | २ | ४.७६ |
| २ | २०-३० वर्ष | ० | १४ | १४ | ३३.३३ |
| ३ | ३१-४० वर्ष | ० | १८ | १८ | ४२.६८ |
| ४ | ४१-५० वर्ष | १ | ६ | ६ | १६.६७ |
| ५ | ५१ वर्षभन्दा माथि | ० | १ | १ | २.३८ |
| जम्मा | | १ | ४१ | ४२ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३


लैङ्गिक रूपमा हेर्दा वैदेशिक रोजगारमा गएको कुल जनसङ्ख्यामध्ये पुरुष ९८% र महिला २% मात्र रहेको पाइयो । नमूना घरधुरीहरूमध्येबाट २ घरधुरीहरूबाट २/२ जना वैदेशिक

रोजगारमा गएको पाइयो भने अन्य घरधुरीमा प्राय १/१ जना पुरुषहरू नै गएको पाइयो । वैदेशिक रोजगारमा गएकामध्ये ८३ प्रतिशत विवाहित र १७ प्रतिशत अविवाहित भएको पाइयो । अध्ययन क्षेत्रमा विवाहपछि प्राय पुरुष पैसा कमाउन विदेश जाने र महिला घरधन्दा गरेर बस्ने गरेको पाइयो ।

## ६.२ वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको शैक्षिक अवस्था

वैदेशिक रोजगारमा जाँदा कामदारले कस्तो काम पाउने भन्ने कुरा उसले ग्रहण गरेको शिक्षाले प्रभाव पार्दछ । अध्ययन गरिएका वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको शैक्षिक अवस्थालाई चार्ट १ मा प्रस्तुत गरिएको छ ।

**चित्र १: वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको शैक्षिक अवस्था**




स्रोत : स्थलगत सर्वेक्षण, २०७३

वैदेशिक रोजगारमा जानेहरूमा एस.एल.सी. भन्दा कम वा सामान्य लेखपढ गरेका व्यक्तिहरू नै बढी रहेको पाइयो । उनीहरूको शैक्षिक अवस्था कम्जोर भएकाले वैदेशिक रोजगारमा भनेजस्तो काम र पारिश्रमिक नपाएको र भाषा तथा प्राविधिक ज्ञान सीपहरू सिक्नको लागि समस्या परेको कुरा उत्तरदाताहरूले बताए ।

## ६.३ वैदेशिक रोजगारमा गएका देशहरू

अध्ययन क्षेत्रका मानिसहरू वैदेशिक रोजगारका लागि विभिन्न देशहरूमा जाने गरेको पाइयो । रोजगारका लागि उनीहरू गएको देशसहितको विवरणलाई तालिका १५ मा प्रस्तुत गरिएको छ ।

**तालिका १५ : देश अनुसार विदेश जाने व्यक्तिको सङ्ख्या**

| क्र.सं. | देशको नाम | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | साउदी अरब | १६ | ३८.१ |
| २ | मलेसिया | ११ | २६.१९ |
| ३ | कतार | ६ | १४.२९ |
| ४ | दुवई | ५ | ११.९० |
| ५ | इराक | २ | ४.७६ |
| ६ | कुवेत | १ | २.३८ |
| ७ | इजरायल | १ | २.३८ |
| जम्मा | | ४२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

नेपालले वैदेशिक रोजगारमा जानका लागि ११० वटा बाह्य मुलुकहरूमा खुल्ला गरे पनि अध्ययनमा संलग्न नमूना घरधुरीका मानिसहरू ७ वटा देशमा मात्र रोजगारीका लागि गएको पाइयो । त्यसमा पनि सबैभन्दा बढी खाडी मुलुकहरू साउदी, मलेसिया, कतार र दुवई जस्ता देशमा गएको पाइयो । उत्तरदाताहरूको भनाइअनुसार कमजोर शैक्षिक अवस्था, प्राविधिक शिक्षाको अभाव र निम्न आर्थिक अवस्थाका कारण उनीहरू राम्रो कामका लागि राम्रो देशमा जान नसकेर सामान्य ज्याला मजदुरी जस्ता कामका लागि उक्त मुलुकहरूमा जाने गरेको पाइयो । उनीहरूको भनाइअनुसार खाडी मुलुकहरूबाट कामदारको माग धेरै आउने र उक्त मुलुकमा जानको लागि लाग्ने खर्च रकमपनि कम लाग्ने भएको कारण उनीहरू यी मुलुकमा जाने गरेको पाइयो ।

## ६.४ वैदेशिक रोजगारमा जाने कारणहरू

नेपालमा भएको बेरोजगारी समस्याले आफ्नो जीवनशैली सरल र सहज पार्नका लागि र राम्रो आय आर्जनका अवसरहरूको खोजीमा रोजगारको लागि विदेश जाने क्रम बढिरहेको अवस्था छ । यसै सन्दर्भमा अध्ययन क्षेत्रका मानिसहरू विदेश जाने कारणहरूको विवरण तालिका १६ मा प्रस्तुत गरिएको छ ।

**तालिका १६ : वैदेशिक रोजगारमा जानुका कारणहरू**

| क.सं. | कारणहरू | घरधुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक अवस्था कमजोर भएर | २२ | ५५ |
| २ | रोजगारीका लागि | ११ | २७.५० |
| ३ | लहैलहैमा लागेर | ७ | १७.५० |
| जम्मा | | ४० | १०० |


स्रोत : स्थलगत सर्वेक्षण, २०७३

कमजोर आर्थिक स्थिति र बेरोजगारका कारण उनीहरू वैदेशिक रोजगारमा गएको पाइयो । त्यसैगरी आफ्नो छरछिमेकका साथीभाइहरू विदेश गई राम्रो आर्थिक विकास गरेको देखेर पनि विदेश गएको पाइयो । उत्तरदाताहरूले गाउँघरमा विद्यमान गरिबी, बेरोजगारको समस्या, प्रयाप्त साना तथा घरेलु उद्योगहरूको अभावका कारण विदेश जाने गरेको कुरा बताए । स्थानीय स्तरमै रहेर ज्याला मजदुरी गर्दा श्रम गरे अनुसारको ज्याला नपाउने तर विदेशमा यहाँको भन्दा राम्रो कमाई हुने भएका कारण रोजगारीमा गएको कुरा बताए ।

## ६.५ ऋण/कर्जाका स्रोतहरू

अध्ययनका क्रममा अधिकांश उत्तरदाताले साहुमहाजनसँग ऋण लिएर विदेश पठाएको पाइयो । आजकल गाउँ-गाउँमा सहकारी संस्थाहरू स्थापना भएकाले केही व्यक्तिहरू सहकारीबाटै ऋण लिएर वैदेशिक रोजगारमा गएको पाइयो । यसबाहेक आफ्नै लगानीमा जाने र आफन्तबाट ऋण काडेर जाने चलन पनि रहेको पाइयो । तलको बार तालिका १ मा

वैदेशिक रोजगारीमा जाने क्रममा लगानी गर्दा कुन स्रोतबाट कति प्रतिशत व्यक्तिहरू बाहिर गए भन्ने तथ्यलाई प्रस्तुत गरिएको छ।




स्रोत : स्थलगत सर्वेक्षण, २०७३

अध्ययनमा छनौट भएका कुल घरधुरीमध्ये ८० प्रतिशतले कर्जा/ऋण प्रयोग गरेको पाइयो। उत्तरदाताहरूले साहुमहाजनबाट ऋण लिंदा वार्षिक ३६% र सहकारी संस्थाबाट ऋण लिंदा वार्षिक २४% मा लिएको कुरा बताए। सहकारी संस्थाबाट भने जति ऋण नपाउने र पाएपनि ऋण निकासी प्रक्रिया सहज नहुने हुँदा साहुमहाजनबाटै ऋण लिन सजिलो भएको कुरा बताए। साथै बैंक तथा वित्तीय संस्थाहरू अध्ययन क्षेत्रको पहुँचभन्दा अलि टाढा रहेकोले ती स्रोतबाट ऋण नलिएको कुरा बताए।

## ६.६ घरको प्रकार

घरको बनावटको आधारमा व्यक्ति वा परिवारको आर्थिक अवस्था अनुमान गर्न सकिन्छ। यस शीर्षकमा नमूनामा छानिएका ४० घरधुरीहरूको घरको प्रकार तालिका १७ मा प्रस्तुत गरिएको छ।

**तालिका १७ : नमूना घरधुरीहरूको घरको प्रकार सम्बन्धी विवरण**

| क.सं. | घरको प्रकार | वैदेशिक रोजगारमा जानु भन्दा | | | |
|---|---|---|---|---|---|
| | | पहिले | प्रतिशत | अहिले | प्रतिशत |
| १ | पक्की | - | - | २ | ५% |
| २ | अर्धपक्की | ८ | २०% | ३२ | ८०% |
| ३ | कच्ची | ३२ | ८०% | ६ | १५% |
| **जम्मा** | | **४०** | **१००%** | **४०** | **१००%** |
| | | ***नोटः*** (क) पक्की- आरसीसी ढलान गरी बनाएको (ख) अर्धपक्की- जस्ता/ढुंगाको छानोले छाएको र पर्खाल ढुंगा माटोले बनाएको (ग) कच्ची- फुसको छानोले छाएको र पर्खाल ढुंगा माटोले बनाएको | | | |

स्रोत : स्थलगत सर्वेक्षण,२०७३

नमूना घरधुरीमध्ये ८५ प्रतिशत घरहरू पक्की वा अर्धपक्की भएको पाइयो । अध्ययन क्षेत्रमा व्यक्तिहरु वैदेशिक रोजगारमा जानु पूर्व प्राय सबै घरहरू फुसको छानो र ढुंगा र माटोको पर्खाल भएका साना १ तला मात्र भएका घरहरु थिए । जसका कारण धेरैजसो खडेरीको समयमा घरहरुमा आगलागि भई धनजनको क्षति हुने गर्दथ्यो तर हाल आएर वैदेशिक रोजगारमा संलग्न भएपछि भने अधिकांश घरहरू जस्ता तथा स्लेटको छानो र ढुंगा माटोको पर्खाल भएको अर्धपक्की र आरसीसी ढलान गरेको पक्की २ तला ६ कोठासम्म भएका घरहरू निर्माण गरी आफ्नो बासस्थानलाई व्यवस्थित पारेको पाइयो । वैदेशिक रोजगारले अध्ययन क्षेत्रको आर्थिक सुधार तथा शैक्षिक सुधारमा सकारात्मक भूमिका खेलेको पाइयो । वैदेशिक रोजगारमा संलग्न हुनु पूर्व घरको आर्थिक अवस्था सुधार गर्न नसकेका व्यक्तिहरूले रोजगारीमा संलग्न भएपछि परिवारको आर्थिक अवस्थालाई सुधार गरेका उदाहरणहरू पनि भेटिए । यसै सन्दर्भमा कोटगाउँका वैदेशिक रोजगारमा संलग्न एक परिवारको कथालाई तल उल्लेख गरिएको छ ।

**सफलताको कथाः १ वैदेशिक रोजगारले परिवारमा ल्याएको खुशी**

जगसिंह घर्तीमगर २०६७ सालमा साउदी अरब गए । त्यो भन्दा पहिले उनी छिटफुटरूपमा भारत जाने आउने गर्दथे । उनले भारतमा गर्ने सामान्य रोजगारले आफ्नो पारिवारिक आर्थिक जीवनमा केही परिवर्तन गर्न सकेनन् । घरमा रहेको पैत्रिक सम्पतिले सबै परिवारको लालन पालन गर्नु पर्ने अवस्था थियो । परिवार र छोराछोरीको शिक्षा स्वास्थ्यमा खर्च पुऱ्याउन निकै धौ धौ थियो । अझ गाउँ घरको आउरेबाउरे गर्दैमा समय जान्थ्यो । गाउँघरमा जाँड रक्सी खाने चलन भएपछि सोही अनुसार गाउँमा जड्याँहाकै अग्रपंक्तिमा दरिए उनी । गाउँमा पनि आफ्नो आर्थिक अवस्था राम्रो नहुनुले सरसापटी लिन पनि छरछिमेकमा भरोसा गुम्दै गएको थियो । यसैक्रममा उनले विदेश जाने सोच बनाए । विदेश जानलाई चाहिने कर्जा दिन पनि साहुमहाजन तयार भएनन् । पछि उनलाई आफ्नै भाई पर्नेबाट सापटी प्राप्त भयो । विदेशमा उनले मेहेनतका साथ काम गर्दै गए र उनले सापटी लिएको रकम ४ महिनामै फिर्ता दिए । विदेशमा गाउँको जस्तै लापरबाही रूपमा जाँड रक्सी खान नपाउनाले उनको पिउने बानीमा पनि सुधार आयो ।

जगसिंह घर्तीमगरको पारिवारिक अर्थतन्त्रमा वैदेशिक रोजगारले निकै सुधार गरेको छ । वैदेशिक रोजगारबाट उनले मासिक ३० देखि ४० हजारसम्म कमाउँछन् । वैदेशिक रोजगारमा संलग्न भएपछि उनले जग्गा जमिन पनि जोडे । घर पनि नयाँ निर्माण गरे भने छोराछोरीहरुलाई पनि राम्रै सँग पढाउन सक्ने भए । अहिले एक छोरी नेपालगंजमा स्टाफ नर्स पढ्छिन् । अरु दुई छोराछोरी गाउँकै विद्यालयमा पढ्छन् । श्रीमती पनि पारिवारिक आर्थिक अवस्थामा आएको सुधारले निकै खुशी छिन् ।

आजभोलि छरछिमेकमा पनि राम्रो सामाजिक हैसियत स्थापना भएको छ । परिवारमा विप्रेषणको नियमित आयले मुहारमा मुस्कान ल्याएको छ । के खाउँ, के लाउँ भन्ने विगतको दर्दबाट मुक्ति पाएका छन् । श्रीमती छिता घर्तीमगर भन्छिन्, परिवार अलग भएर बस्नु परे पनि वैदेशिक रोजगारले हामीलाई केही खुशी दिएको छ ।

## ६.७ वार्षिक आम्दानी

अध्ययनका क्रममा उत्तरदाताहरूले वैदेशिक रोजगारमा संलग्न भएपछि उनीहरूको वार्षिक आम्दानीमा सुधार भएको कुरा बताए । उनीहरूले वैदेशिक रोजगारबाट वार्षिक रूपमा प्राप्त गर्ने आम्दानीको विवरण तलको तालिका १८ मा प्रस्तुत गरिएको छ ।

**तालिका १८ : वैदेशिक रोजगारबाट प्राप्त वार्षिक आम्दानीको विवरण**

| क्र.सं. | वार्षिकआम्दानी | घरधुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २,००,००० सम्म | २ | ५ |
| २ | २,००,०००-४,००,००० सम्म | २५ | ६२.५० |
| ३ | ४,००,०००-६,००,००० सम्म | १३ | ३२.५० |
| | जम्मा | ४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण,२०७३

वैदेशिक रोजगारमा संलग्न नमूना घरधुरीहरूले वार्षिक सरदर ४ देखि ५ लाखसम्म आम्दानी गरेको पाइयो । गरिबी, कमजोर आर्थिक अवस्था र बेरोजगारी समस्याको मारमा परिरहेको बेला वैदेशिक रोजगारबाट वार्षिक४/५ लाख आम्दानी गर्नु भनेको व्यक्ति तथा परिवार र सिंगो राष्ट्रको आर्थिक स्थितिलाई सुधार गर्नु हो । त्यसैले आजभोलि गाउँघरका युवा जनशक्तिहरूको ध्यान वैदेशिक रोजगारप्रति आकर्षित भएको पाइयो । उत्तरदाताहरूले नेपालमै वसेर वार्षिक २० देखि ४० हजारसम्म आम्दानी गर्न नसकिरहेको अवस्थामा वैदेशिक रोजगार हाम्रो लागि राम्रो आर्थिक आम्दानी गर्ने विकल्पका रूपमा रहेको कुरा बताए । वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा पहिले उनिहरुको आर्थिक अवस्था कम्जोर भएकोले गाउँका साहुमहाजनले ऋण दिनपनि नमान्ने र समाजले पनि पट्याउँदैन्थ्यो तर अहिले वैदेशिक रोजगारबाट राम्रो आम्दानी गर्न थालेपछि भने उनिहरुको परिवारलाई समाजले हेर्ने दृष्टिकोण र गर्ने व्यवहारमा परिवर्तन आएको कुरा समेत बताए ।

## ६.८ वैदेशिक रोजगारबाट फर्किएकाहरूको पेसा

यस अध्ययनमा मुख्य सूचनादाताका रूपमा वैदेशिक रोजगारबाट फर्किएका ७ जना व्यक्तिसँग छुट्टै अन्तर्वार्ता लिई उनीहरूको पेसामा आएको परिवर्तनबारेमा जानकारी लिइएको थियो । वैदेशिक रोजगारमा जानु पूर्व र गएर फर्केपछिको पेसालाई तालिका १९ मा प्रस्तुत गरिएको छ ।

**तालिका १९ : विदेश गएका व्यक्तिहरूको रोजगारमा जानु पूर्व र हालको पेसा**

| क.सं. | पेसागत विवरण | वैदेशिक रोजगारमा जानु भन्दा | | | |
|---|---|---|---|---|---|
| | | पहिलेको पेसा | प्रतिशत% | अहिलेको पेसा | प्रतिशत% |
| १ | कृषि/पशुपालन | ६ | ८६ | ३ | ४३ |
| २ | ज्याला मजदुरी | १ | १४ | ४ | ५७ |
| जम्मा | | ७ | १०० | ७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

मुख्य सूचनादाताका रूपमा रहेका ७ जना विदेशबाट फर्किएका व्यक्तिहरूले रोजगारमा जानु पूर्व र हालको पेसालाई परिवर्तन गरेको पाइयो । उनीहरूले वैदेशिक रोजगारमा संलग्न भएपछि नगद आम्दानी गर्नुपर्छ भन्ने सोंचमा परिवर्तन आएकोले पहिलेको पेसालाई परिवर्तन गरी आर्थिक आम्दानी हुने खालको पेसा अपनाएको कुरा बताए ।

## ६.९ वैदेशिक रोजगारबाट पठाएको विप्रेषण प्राप्त गर्ने माध्यम

वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूले वार्षिक रूपमा न्यूनतम १ देखि अधिकतम १० पटकसम्म विप्रेषण रकम पठाउने गरेको पाइएको छ । सामान्यतः कम आम्दानी हुनेले थोरै पटक र बढी आम्दानी हुनेले धेरै पटक रकम पठाउने गरेको पाइयो । उनीहरूले विप्रेषण रकम प्राप्त गर्ने विभिन्न माध्यमहरूलाई तालिका २० मा देखाईएको छ ।

### तालिका २० : विप्रेषण प्राप्त गर्ने माध्यमहरू

| **क.सं.** | **विप्रेषण प्राप्त गर्ने माध्यम** | **घरधुरी सङ्ख्या** | **प्रतिशत%** |
|---|---|---|---|
| १ | बैंक/रेमिट एजेन्सीहरू (मनिट्रान्सफर) | ३६ | ९० |
| २ | आफन्त/परिवारको सदस्य | ३ | ७.५० |
| ३ | साथीभाई | १ | २.५० |
| | जम्मा | ४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

रोजगारमा संलग्न व्यक्तिहरूले स्वदेश/घरपरिवारमा रकम पठाउँदा ९० प्रतिशतले बैंक तथा वित्तीय संस्था एवम् रेमिट एजेन्सी (मनि ट्रान्सफर) जस्ता औपचारिक माध्यमबाट पठाउने गरेको पाइयो भने अन्य १० प्रतिशतले परिवारका सदस्य एवं साथीभाई मार्फत पठाउने गरेको पाइयो । उत्तरदाताहरूले विप्रेषण रकम आफन्त तथा साथीभाई मार्फत प्राप्त गर्दा रकम ढिला प्राप्त हुने र बीचमै पैसा हराउनुका साथ ठगी हुने भएकोले बैंक तथा वित्तीय संस्थाको प्रयोग गरेको कुरा बताए । औपचारिक बैंक तथा वित्तीय संस्थाबाट रकम प्राप्त गर्दा सुरक्षित, भरपर्दो र सजिलो भएको र बैंक तथा वित्तीय संस्थाको नियम तथा प्रक्रियाको बारेमा पनि उनीहरू जानकार रहेको कुरा बताए । विप्रेषण रकम हुन्डीमार्फत भने कसैले प्राप्त नगरेको बताए ।

## ६.१० वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणको व्यवस्थापन

यस शीर्षक अन्तर्गत वैदेशिक रोजगारबाट पठाएको विप्रेषण रकम उनीहरूको परिवारमा कसले व्यवस्थापन गर्दछ भन्ने कुरा हेर्न खोजिएको छ । यसै सन्दर्भमा रोजगारबाट प्राप्त विप्रेषण व्यवस्थापन सम्बन्धी विवरण तालिका नं. २१ मा प्रस्तुत गरिएको छ ।

### तालिका २१ : विप्रेषणको व्यवस्थापन सम्बन्धी विवरण

| **क.सं.** | **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | महिला घरमुली | ३० | ७५ |
| २ | पुरुष घरमुली | १० | २५ |
| जम्मा | | ४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

अध्ययन क्षेत्रमा आजकल अधिकांश पुरुषहरू वैदेशिक रोजगारमा जाने भएकोले घरको मूली वा घर व्यवस्थापनमा महिलाहरू भएको पाइयो । विप्रेषण रकम व्यवस्थापन पनि अधिकांश महिलाहरूले गरेको पाइयो । उत्तरदाताहरूले वैदेशिक रोजगारले गर्दा आर्थिक कारोबारका क्षेत्रमा महिलाहरूको सहभागिता बढेको र उनीहरूमा आर्थिक व्यवस्थापनको जिम्मेवारी बोध भएको कुरा बताए । आफ्ना श्रीमान्हरू विदेश गएपछि घरमूलीको रूपमा आफूहरू रहेकोले घरधन्दाको काम सँगसंगै समाजमा हुने विकास निर्माणका कार्य तथा सामाजिक कार्यहरूमा  सहभागी भएको कुरा बताए ।

# अध्याय - सात

## वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण उपयोग गर्ने क्षेत्रहरु

वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणले घरपरिवारको दैनिक उपभोग खर्च संचालनमा महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । अध्ययनमा संलग्न ८५ प्रतिशत घरपरिवारले घर खर्च धान्नको लागि विप्रेषणमा भर परेको बताएका थिए भने बाँकी १५ प्रतिशत घरपरिवारले मात्र विप्रेषण बाहेक अन्य आयका स्रोतहरूबाट घर खर्च धान्ने र विप्रेषणमा भर पर्नु नपर्ने बताएका थिए । अध्ययनमा संलग्न घरपरिवारहरू घर खर्चका लागि विप्रेषणमा भर पर्नु पर्ने कारण उनीहरूको आर्थिक वचत तथा लगानी गर्ने क्षमतामा कमजोर रहेको देखिन्छ । यस अध्यायमा अध्ययन क्षेत्रका वैदेशिक रोजगारमा संलग्न घरपरिवारहरूले वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण कुन-कुन क्षेत्रमा उपयोग गर्छन् भन्ने बारेमा विश्लेषण गरिएको छ ।

### ७.१ शिक्षा, स्वास्थ्य र सञ्चार

शिक्षाले मानिसको सोच विचारमा सकारात्मक परिवर्तन ल्याउँछ । यसले मानिसको जीवनस्तरलाई स्तरीयता बनाउन सहयोग गर्दछ । शिक्षा मानिसको सामाजिक तथा आर्थिक उपलब्धी प्राप्ति र बौद्धिक विकासको एउटा महत्वपूर्ण माध्यम हो । यसै सन्दर्भमा अध्ययनमा संलग्न नमूना घरधुरीहरूले विप्रेषणबाट प्राप्त आय आफ्ना बालबालिकाको लागि वार्षिककति रकमसम्म शिक्षा क्षेत्रमा खर्च गर्दछन् भन्ने कुरालाई तालिका २२ मा प्रस्तुत गरिएको छ ।

**तालिका २२ : वार्षिक शैक्षिक लगानी**

| क्र.सं. | वार्षिक रकम | घरधुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ५,०००-५०,००० सम्म | २३ | ५७.५० |
| २ | ५१,०००-१,००,००० सम्म | ४ | १० |
| ३ | १,०१,०००-१,५०,००० सम्म | ४ | १० |
| ४ | १,५१,०००-२,००,००० सम्म | ३ | ७.५० |
| ५ | शिक्षामा लगानी नगर्ने | ६ | १५ |
| | **जम्मा** | **४०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

अध्ययन गरिएका घरधुरीहरूमध्ये ८५ प्रतिशतले वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण रकमलाई शिक्षा क्षेत्रमा लगानी गरेको देखिन्छ । जसका छोराछोरी माध्यमिक तहमा अध्ययन गर्छन् उनीहरूले वार्षिक५,००० देखि ५०,००० सम्म खर्च गरेको र कलेजमा अध्ययन गर्ने परिवारले वार्षिक५०,००० हजारभन्दा माथि शिक्षा क्षेत्रमा खर्च गर्ने गरेको पाइयो । नमूना घरधुरीमध्ये ६ (१५%) घरधुरीका बालबालिकाहरू ५ वर्षभन्दा कम उमेरका भएकोले शिक्षा क्षेत्रमा लगानी नगरेको पाइयो ।  उत्तरदाताहरूले वैदेशिक रोजगारीमा संलग्न हुनु भन्दा पहिले आफ्ना छोराछोरीलाई माध्यमिक तहभन्दा माथि पढाउन नसकेको तर आजभोलि विप्रेषणले गर्दा आफ्ना छोराछोरीहरूले पढाई छाडेर खेती किसान तथा ज्यालामजदुरी गर्नु पर्ने बाध्यता नभएको कुरा बताए । साथै वैदेशिक रोजगारमा गएका व्यक्तिहरूको शैक्षिक योग्यता कमजोर भएका कारण विदेशमा राम्रो काम नपाउनुका साथै भाषाको समस्या समेत भोगीरहेको कुरा बताए । हाल आएर उनीहरूमा शिक्षा मानिसका लागि महत्वपूर्ण पक्ष रहेछ भन्ने कुराको महसुस भई विद्यालय जाने उमेर समूहका आफ्ना सबै बालबालिकाहरूलाई घरायासी काममा नलगाएर विद्यालय पठाएको पाइयो । विद्यालय जाने घरधुरीमध्ये ८८ प्रतिशलले सरकारी विद्यालय र १२ प्रतिशत घरधुरीले निजी विद्यालयमा आफ्ना छोराछोरीहरूलाई पढाएको पाइयो ।

शिक्षाका साथै सवै नमूना घरधुरीहरूले स्वास्थ्य क्षेत्रमा रकम खर्च गरेको पाइयो । एउटा परिवारले स्वास्थ्य जाँच र औषधी उपचारका लागि वार्षिक सरदर १२,२५०। रूपैंयासम्म खर्च गरेको पाइयो । अध्ययन गरिएका घरधुरीहरूमा दीर्घरोगी र बाह्रै महिना औषधी उपचार गर्नु पर्ने व्यक्तिहरू कोही नभएको पाइयो । यसैगरी सञ्चारको क्षेत्रमा हेर्दा अध्ययन गरिएका प्रत्येक घरधुरीसँग मोबाइल फोन भएको र उक्त फोन संचालनका लागि विप्रेषणको रकम खर्च गरेको पाइयो । उत्तरदाताहरूले घरमा फोन नहुँदा विदेश खबर पठाउन महिनौं लाग्थ्यो तर मोबाईल फोन आएदेखि विदेशमा बस्ने आफन्तसँग साँझविहान पनि कुराकानी गर्न सकिने भएकोले सजिलो भएको कुरा बताए ।

## ७.२  कृषि तथा पशुपालन

सामान्यतया पशुपक्षीको सम्बन्ध कृषिसँग रहने गर्छ । विशेषत: ग्रामीण परिवेश जहाँ खेतीपाती गरिन्छ त्यस्तो क्षेत्रमा पशुपक्षी बढी मात्रामा पाल्ने गरेको देखिन्छ । यस्तै अध्ययनमा संलग्न घरधुरीहरूले पनि खेती तथा पशुपालन गरेको पाइयो । अध्ययनका

क्रममा नमूना घरधुरीहरू सबैले कृषि तथा पशुपालन गरेको पाइयो । उनीहरूले व्यवसायिक रूपमा कृषि तथा पशुपालन नगरे तापनि आफ्नो आवश्यकता पूर्ति गर्न निर्वाहमुखी कृषि खेती तथा पशुपक्षीपालन गरेको पाइयो । उनीहरूले कृषि क्षेत्रमा वार्षिक१५०० देखि १०००० सम्मको विप्रेषण रकम खर्च गरेको र पशुपक्षीपालनमा वार्षिक५०० देखि १००००० सम्मको विप्रेषण रकम खर्च गरेको पाइयो । उत्तरदाताहरूको भनाइ अनुसार वैदेशिक रोजगारमा संलग्न नहुँदा कृषि तथा पशुपक्षीपालनमा लाग्ने खर्च जुटाउन धौ-धौ हुने र भनेको बेला आफूसँग पैसा नभएर समस्या हुन्थ्यो तर अहिले विप्रेषण रकम आउने भएकोले समयमै यस्ता स-साना खर्चहरू सजिलै टर्ने गरेको बताए । साथै उत्तरदाताहरूले पहिले कृषि उत्पादनमा हलो जोत्ने कामको लागि पुरुषहरू नै ज्यालादारीमा लिनु पर्ने अवस्था थियो भने अहिले प्रायः महिलाहरूले खेतीपातीको लागि आफैं हलो जोत्ने भएका कारण ज्याला तिर्नका लागि कम रकम खर्चिनु परेको कुरा बताए ।

## ७.३ दैनिक उपभोग

कुनै पनि परिवार एउटा घरमा बसिसकेपछि उक्त घर व्यस्थापनको लागि हुने विभिन्न खर्चहरू जस्तैः खाना/खाजा/लत्ताकपडा, चाँडबाड/रमाइलो, पूजाआजाको लागि लाग्ने खर्च नै त्यस परिवारको घर खर्चहरू हुन् । अध्ययन क्षेत्रका मानिसहरूले पनि आफ्नो घरमा हुने यी माथिका क्रियाकलापहरू व्यवस्थापन गर्नको लागि विप्रेषण रकम खर्च गरेको पाइयो । यस शीर्षकमा नमूना घरधुरीले दैनिक उपभोग बापत गर्ने खाना/खाजा/लत्ताकपडा, चाँडबाँड/रमाइलो र पूजाआजामा लाग्ने खर्चलाई हेरिएको छ । उनीहरूले दैनिक उपभोग/घरखर्च बापत वार्षिककति देखि कति रकमसम्म खर्च गर्दा रहेछन् भन्ने कुरालाई तालिका २३ मा प्रस्तुत गरिएको छ ।

**तालिका २३ : नमूना घरधुरीहरूले घर खर्चबापत खर्च गर्ने रकमको विवरण**

| क्र.सं. | वार्षिक खर्च रकम | घरधुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २५ हजारसम्म | ६ | १५ |
| २ | २६-५० हजारसम्म | १७ | ४२.५० |
| ३ | ५१-७५ हजारसम्म | १६ | ४० |
| ४ | ७६ हजार भन्दा माथि | १ | २.५० |
|  | जम्मा | ४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

नमूना घरधुरीहरूको नगद आम्दानीको मुख्य स्रोत भनेको वैदेशिक रोजगार नै पाइयो । त्यसैले अधिकांश परिवारको लागि दैनिक उपभोग खर्च पनि विप्रेषण रकमबाटै चलेको पाइयो । विशेषगरी घर खर्चमा उनीहरूले लत्ताकपडा/खाद्यान्न खरिद, वर्षभरिमा मनाइने विभिन्न चाडबांड/मेला र पूजापाठ खर्चलाई दैनिक उपभोग/घर खर्चमा जोडेका थिए । अध्ययन क्षेत्रमा प्रायः मानिसहरू देवीदेवताप्रति विश्वास राख्ने भएकोले विभिन्न देवी देवताको पूजाआजा र विभिन्न समयमा मनाउने चाँडबांडमा बढी खर्च गरेको पाइयो । उत्तरदाताहरूले विदेशबाट आउने विप्रेषणले विभिन्न चाडबाँड तथा सामाजिक कार्यको खर्च सजिलै टरेको कुरा बताए । विप्रेषणले गर्दा दैनिक उपभोग बस्तु खरिद तथा व्यवस्थापनका लागि छरछिमेकमा सापटी  वा ऋण लिनु नपर्ने र घरको खर्च घरबाटै व्यवस्थापन हुने कुरासमेत बताए । तर उक्त चाडबाँड तथा सामाजिक कार्यहरूमा परिवारका सबै सदस्यहरू सँगै हुन नपाउँदा आफुहरूलाई नरमाईलो लागेको कुरा बताए ।

### ७.४ ऋण तिर्न

आफ्नो परिवारको आवश्यकता पूर्ति गर्नको लागि आफूसँग पैसाको अभाव हुँदा साथीभाई तथा साहू महाजनबाट निश्चित समयमा निश्चित व्याज रकम सहित फिर्ता गर्ने शर्तमा लिइएको रकम नै ऋण हो । हाम्रो नेपाली समाजमा ऋण लिने चलन परम्परादेखि चलिआएको छ । अध्ययन क्षेत्रका अधिकांश मानिसहरू पनि विदेश जाँदा ऋण लिएर गएको पाइयो । वैदेशिक रोजगारमा संलग्न घरधुरीहरूले विदेशबाट प्राप्त विप्रेषण रकम ऋण तिर्नको लागि खर्चिएको पाइयो । यसै सन्दर्भमा अध्ययनमा संलग्न नमूना घरधुरीहरूमध्ये कति घरधुरहिरूले ऋण तिर्नमा विप्रेषण रकम खर्च गरेका छन् भन्ने कुरालाई तालिका २४ मा प्रस्तुत गरिएको छ ।

**तालिका २४ : विप्रेषण रकम ऋण तिर्नमा प्रयोग गर्ने घरधुरीको विवरण**

| क्र.सं. | विप्रेषण रकम | जात/जाति अनुसार घरधुरी सङ्ख्या | | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | मगर | कामी | क्षेत्री | दमाई | जम्मा | |
| १ | ऋण तिर्न प्रयोग गर्ने | १३ | १२ | ३ | ४ | ३२ | ८० |
| २ | ऋण तिर्न  प्रयोग नगर्ने | ७ | ० | १ | ० | ८ | २० |
| | जम्मा | २० | १२ | ४ | ४ | ४० | १०० |

स्रोत :  स्थलगत सर्वेक्षण, २०७३

उत्तरदाताहरूले वैदेशिक रोजगारमा संलग्न हुँदा लिएको ऋण र पहिल्यै घरमा भएको ऋण तिर्न विप्रेषण रकम प्रयोग गरेको बताए । साथै ऋणको अवस्थालाई हेर्ने हो भने नमूना ४० घरधुरीमध्ये ७ घरधुरीको मात्र ऋण तिर्न बाँकी रहेको पाइयो भने अन्य घरधुरीहरूले ऋण तिरी सकेको कुरा बताए । उनीहरूले ऋण लिदा वार्षिक सयकदा २४ देखि ३६ प्रतिशत व्याजमा लिएकाले ऋणको सावाँ तिर्दा बढी व्याज सहित तिर्नुपरेको कुरासमेत बताए । साथै विदेशमा राम्रो तलब हुनेले रोजगारीमा गएको १ वर्षभित्र र कम तलब हुनेले २-३ वर्षसम्म ऋण तिरेको र आजभोलि गाउँघरमा साहु माहाजनले पनि अन्य कामका लागि भन्दा विदेश जाने भन्यो भने खुशी खुशीसाथ ऋण दिने कुरा बताए । हाल आएर वैदेशिक रोजगारले गाउँघरमा युवा जनशक्तिहरूको शून्यतालाई बढावा दिएपनि  उनीहरूले वैदेशिक रोजगारबाट भित्र्याएको विप्रेषणले भने परिवारलाई ऋणमुक्त गर्न सहयोग गरेको पाइयो ।

### ७.५ घर/घडेरी वा घरायासी सम्पत्तिमा लगानी

वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण रकमलाई प्रयोग गर्ने क्रममा अध्ययनमा संलग्न नमूना घरधुरीहरूले नयाँ घर बनाउने  र नयाँ जग्गा तथा घडेरी खरिदमा पनि रकम खर्च गरेको देखियो । वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणलाई यहाँका मानिसहरूले आफ्नो बस्ने घरलाई पुनः निर्माण तथा नयाँ निर्माण गरेको र नयाँ जग्गा तथा घडेरीहरू खरिद गरेको पाइयो । सुरुमा जाँदा ऋण लगेको र पछि बिस्तारै ऋण तिरी सकेपछि केही रकम बचत गरी उनीहरूले घर/घडेरी निर्माण तथा खरिद गरेको पाइयो । यसै सन्दर्भमा वैदेशिक रोजगारमा संलग्न घरधुरीहरूमध्ये कति घरधुरीले नयाँ घर निर्माण र जग्गा तथा घडेरी खरिद गरे भन्ने कुरालाई तालिका २५ प्रस्तुत गरिएको छ ।

**तालिका २५ : घर/घडेरी निर्माण तथा खरिदमा विप्रेषण प्रयोग गर्ने घरधुरीको विवरण**

| क्र.सं. | विप्रेषण रकम | जात/जाति अनुसार घरधुरी सङ्ख्या | | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | मगर | कामी | क्षेत्री | दमाई | जम्मा | |
| १ | घर मर्मत तथा निर्माण गर्ने | ९ | ८ | ० | ० | १७ | ३९.५३ |
| २ | घडेरी तथा जग्गा खरिद गर्ने | ६ | ३ | १ | १ | ११ | २५.५८ |
| ३ | घर,घडेरी/जग्गा निर्माण तथा खरिद नगर्ने | ७ | ४ | २ | ३ | १५ | ३४.८८ |
| | **जम्मा** | | | | | | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तथ्याङ्कमा घर मर्मत तथा निर्माण गर्ने र घडेरी/जग्गा दुवैमा लगानी गर्नेमा ३ घरधुरीहरू दोहोरिएर आएका छन् । अध्ययन क्षेत्रका मानिसहरू वैदेशिक रोजगारमा संलग्न भएपछि उनीहरूले विप्रेषणबाट प्राप्त रकम ऋण तिरेर र दैनिक उपभोग खर्च गरेर बचत भएपछि विस्तारै नयाँ घर बनाएको र नयाँ घडेरी/जग्गा खरिद गरेको पाइयो । अध्ययनमा संलग्न ६५ प्रतिशत नमूना घरधुरीहरूले नयाँ घर निर्माण गरेको र घडेरी/जग्गाहरू खरिद गरेको पाइयो । पहिले यस क्षेत्रमा घरहरू फुसको छानो भएका २ तलासम्मका परम्परागत विना कोठाका साना खालका थिए । तर अहिले ४ देखि ८ कोठासम्म भएका स्लेट र जस्ताका छानो लगाएको घरहरू देख्न पाइन्छ । यस शोधपत्रका लागि अध्ययन गरिएका नमूना घरधुरीहरूमध्ये ३२ वटा (८०%) घरहरू २ तलाका ४ देखि ८ कोठासम्म भएका घरहरू पाइयो । यहाँका प्रायः घरहरूबाट पुरुषहरू वैदेशिक रोजगारमा संलग्न भई विप्रेषण रकम पठाउने भएकाले मानिसहरूमा आफ्नो घर व्यवस्थापन गर्नुपर्छ भन्ने चेतनाको विकास भई नयाँ घर बनाएको पाइयो । त्यसैगरी सुविधा सम्पन्न ठाउँहरूमा बस्नु पर्छ भनेर दाङ, नेपालगंज र चितवनजस्ता तराई क्षेत्रहरूमा जग्गा तथा घडेरीहरू किनेको पाइयो । साथै सदरमुकाम क्षेत्र र रोड आसपास क्षेत्रमा समेत जग्गा तथा घडेरी खरिद गरेको पाइयो । वैदेशिक रोजगारले कृषि उत्पादनमा केही कमि ल्याए तापनि रोजगारबाट भित्रिने विप्रेषण आयले भने यहाँका मानिसहरूको जीवनशैली परिवर्तन र सम्पत्ति आर्जन गर्नमा ठुलो भूमिका खेलेको देखिन्छ ।

### ७.६ व्यापार

वैदेशिक रोजगारमा संलग्न नमूना घरधुरीहरूमध्ये २ घरधुरी (५%) ले मात्र व्यापारमा विप्रेषण रकम लगानी गरेको पाइयो । अध्ययन क्षेत्र बजारको पहुँचभन्दा अलि टाढा पर्ने भएकाले यहाँका मानिसहरू व्यापारमा लागेको खासै पाइएन । उत्तरदाताहरूले व्यापार गर्नको लागि कि माडिचौर कि सदरमुकाम लिवाङ जानु पर्ने भएको र उक्त ठाउँमा गई व्यापार गर्नको लागि परिवारमा प्रशस्त जनशक्तिको अभावका कारण व्यापारमा त्यति ध्यान नगएको कुरा बताए । अध्ययनका क्रममा भेटिएका यी २ घरधुरीहरूका सदस्यहरू पनि माडिचौर र सदरमुकाम लिवाङ आई व्यापार गरेको पाइयो । अध्ययनमा संलग्न परिवारहरूले व्यापारभन्दा पनि अनुत्पादित क्षेत्र घर/घडेरी लगायत स्थिर सम्पति खरिदमा जोड दिएको पाइयो ।

# अध्याय - आठ

# अध्ययनको सारांश र निष्कर्ष

## ८.१ अध्ययनको सारांश

यो अध्ययन रोल्पा जिल्ला अन्तर्गत कोटगाउँका वैदेशिक रोजगारमा संलग्न ४० घरधुरीको अध्ययनमा केन्द्रित रहेको छ । वैदेशिक रोजगारले गरिबी निवारणमा खेलेको भूमिका शीर्षकको यो शोधपत्रमा वैदेशिक रोजगारमा संलग्न परिवारहरूको सामाजिक तथा आर्थिक अवस्था, वैदेशिक रोजगारले घरपरिवारमा ल्याएको आर्थिक तथा सामाजिक परिवर्तन र विप्रेषणको उपयोगिताजस्ता विषयको चर्चा गर्ने उद्देश्यका साथ अध्ययन सम्पन्न गरिएको छ ।

यस अध्ययनमा विभिन्न समाजशास्त्रीय विधिहरू नमूना छनौट, घरधुरी सर्वेक्षण प्रश्नावली, मुख्य सूचनादाता प्रश्नावली, वैयक्तिक अध्ययन र अवलोकन आदिको प्रयोग गरी प्राथमिक तथा द्वितीय तथ्याङ्क सङ्कलन गरिएको छ । कोटगाउँबाट वैदेशिक रोजगारमा संलग्न ३८९ घरधुरीको १० प्रतिशत ४० घरधुरीलाई उद्देश्यपूर्ण नमूना छनौट विधिबाट नमूनाका लागि छनौट गरिएको छ । वैदेशिक रोजगारीबाट फर्किएका ७ जना व्यक्तिहरूलाई मुख्य सूचनादाताको रूपमा छनौट गरी वैदेशिक रोजगारप्रतिको उनीहरूको धारणा लिइएको छ भने वैयक्तिक अध्ययनमा १ जना उत्तरदातासँग अन्तर्वाता लिई सफलताको कथा तयार गरिएको छ । यिनै विभिन्न विधिहरूको उपयोग गरी सम्पन्न गरिएको यस अध्ययनका निचोडहरू निम्न रहेका छन् ।

- अध्ययन क्षेत्रको कुल घरधुरी सङ्ख्यामध्ये ४३.४७ प्रतिशत घरधुरीका मानिसहरु वैदेशिक रोजगारमा संलग्न भएको पाईयो । मगर, कामी, क्षेत्री र दमाई गरी चार जात/जातिहरूको मुख्य बसोबास रहेको कोटगाउँमा मगरहरु ४७.१७ प्रतिशतको अनुपातमा रहेको पाइयो ।
- अध्ययनका लागि छानिएका नमूना घरधुरीका कुल जनसङ्ख्यामध्ये १६-६० उमेर समूहका ६२.८० रहेको पाइयो । जनगणना २०६८ अनुसार अध्ययन क्षेत्रको औसत परिवारको आकार ४.६४ रहेकोमा नमूना घरधुरीहरूको परिवारको औसत आकार

५.१८ हुन गई अध्ययन क्षेत्रको औसत परिवार आकारभन्दा नमूना घरधुरीको औसत परिवारको आकार ०.५४ प्रतिशतले बढी भएको पाइयो । यसैगरी अध्ययन क्षेत्रमा बाल विवाहको प्रचलन नरहेको पाइयो ।

- नमूना घरधुरीहरूको सरदर साक्षरता दर ९०.६ प्रतिशत रहेकोले राष्ट्रिय साक्षरता दर ६५.९ प्रतिशतभन्दा राम्रो देखिन्छ । कूल नमूना घरधुरीमध्ये ८५ प्रतिशत घरधुरीका कम्तीमा पनि परिवारको १ सदस्य अध्ययनरत रहेको देखिन्छ । अध्ययरतमध्ये ९० प्रतिशत घरधुरीका बालबालिकाले सरकारी विद्यालय तथा कलेजमा अध्ययन गरेको पाइएको छ । वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण रकम ८५ प्रतिशत घरधुरीले शिक्षा क्षेत्रमा लगानी गरेको देखिन्छ ।
- नमूना घरधुरीका कुल जनसङ्ख्यामध्ये ३८.४५ को पेसा कृषि तथा पशुपालन रहेको छ भने दोस्रोमा अध्ययन ३२.४५ प्रतिशत र तेस्रोमा वैदेशिक रोजगार २२.३४ प्रतिशत रहेको छ । घरधुरीहरूको जीविकोपार्जनको मुख्य स्रोत कृषि हो भने नगद आम्दानीको मुख्य स्रोत वैदेशिक रोजगार हो । उनीहरूको कुल वार्षिक आम्दानीमा ८३.९० प्रतिशत वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणले भूमिका खेलेको पाइयो । कृषि उत्पादनको लागि १-५ रोपनीसम्म खेत तथा बारी हुने घरधुरी सङ्ख्या उल्लेख्य मात्रामा रहेको पाइयो । मुख्य कृषि बालीहरूमा मकै, गहुँ, धान र भटमास आदिको खेती गरेको देखियो भने पशुपक्षीहरूमा उनीहरूले गाई/गोरु, बाखा/भेडा, हाँस/कुखुरा, भैंसी र सुँगुर आदि पालेको देखियो । नमूना घरधुरीहरूको आफ्नै उत्पादनले १२ महिना खान पुग्ने घरधुरी १० प्रतिशत मात्र रहेका पाइयो ।
- उनीहरूको वार्षिक कुल खर्चमध्ये सबैभन्दा बढी दैनिक उपभोगमा ४० प्रतिशत त्यसपछि शिक्षा र अन्य क्षेत्रमा खर्च भएको पाइयो । जसमा उनीहरूले विप्रेषण रकम नै उपयोग गरेको पाइयो । त्यसैगरी ऋण तिर्नमा उपयोग गर्ने ८० प्रतिशत र घर/घडेरी खरिद तथा निर्माण गर्नमा उपयोग गर्ने घरधुरी ६० प्रतिशत रहेको पाइयो । नमूना घरधुरीमध्ये ८० प्रतिशत घरहरू जस्ता वा स्लेटले छाएको र ढुंगा माटोले पर्खाल लगाएको अर्धपक्की घरहरू पाइयो ।
- वैदेशिक रोजगारमा संलग्न हुने ४० नमूना घरधुरीका ४२ जनामध्ये २०-५० उमेर समूहका ९२.८६ प्रतिशत छन् जसमा ९८ प्रतिशत पुरुष रहेका छन् । सबैभन्दा बढी एस.एल.सि. भन्दा कम पढेका ७६.१९ प्रतिशत रहेका छन् । उनीहरूको शैक्षिक

योग्यता नभएका कारण विदेशमा उनीहरूले सामान्य श्रमिकको रूपमा मात्र रोजगारी पाएको र सोचे जति श्रमको ज्याला नपाएको जानकारी पाइयो । उनीहरू विदेश जानुमा उनीहरूको आर्थिक अवस्था कमजोर, बेरोजगारी समस्या र साथीभाइको लहैलहैमा लाग्नु जस्ता कारणहरू देखिए ।

- वैदेशिक रोजगारका लागि गएका देशहरू साउदी, कतार, मलेसिया र दुवईजस्ता खाडी मुलुकहरू उल्लेख्य रहेको पाइयो । विदेश जाँदा ८० प्रतिशत घरधुरीहरूले साहुमहाजन, सहकारी संस्था, साथीभाई तथा आफन्तबाट ऋण लिएर गएको र उक्त ऋण वार्षिक २४ देखि ३६ प्रतिशतसम्म व्याजमा लिएर गएको कुरा पत्ता लाग्यो ।
- वैदेशिक रोजगारबाट प्रति नमूना घरधुरीले वार्षिक सरदर ३,६०,००० सम्म विप्रेषण रकम आम्दानी गरेको पाइयो । विप्रेषण प्राप्त गर्ने ९० प्रतिशत घरधुरीले औपचारिक बैंक तथा वित्तीय संस्थाको प्रयोग गरेको पाइयो भने ७५ प्रतिशत महिला घरमुलीले विप्रेषण रकम व्यवस्थापन गर्ने जिम्मेवारी पाएको पाइयो । यसरी महिलाहरूमा घरभित्रको काम मात्र नभएर घर बाहिरको कामको जिम्मेवारीसमेत थपिएकोले घर र समाजमा महिलाहरूको सक्रियता बढ्न गई समाजमा हुने लैङ्गिक विभेदमा केही कमी आएको पाइयो ।
- यसैगरी खानेपानी तथा सरसफाइको क्षेत्रलाई हेर्दा शतप्रतिशत घरहरूमा शौचालय भेटिए भने ९२.५०% ले धाराको पानी प्रयोग गरेको पाइयो । त्यसैगरी उर्जा तथा संचारको हिसाबमा वैदेशिक रोजगारमा संलग्न ४० घरपरिवारहरूमध्ये १००% सँग मोबाइल भएको भेटियो भने उज्यालोको लागि ५७.५०% परिवारले सोलार र ४२.५०% परिवारले बिजुली बत्ती प्रयोग गरेको पाइयो ।

## ८.२ अध्ययनको निष्कर्ष

देशमा रोजगारीको अवसर नहुनु र परम्परागत कृषि पेसाबाट सोचेजति आम्दानी गर्न नसक्नाले गाउँघरबाट आजभोलि ऊर्जाशील युवाशक्तिले वैदेशिक रोजगारलाई एक राम्रो आम्दानीको वैकल्पिक माध्यम बनाइ वर्तमान अवस्थामा उनिहरु वैदेशिक रोजगारमा संलग्न भएका छन् जसले गर्दा उनिहरूको परिवारको आर्थिक-सामाजिक अवस्थामा सुधार ल्याएको देखिन्छ । अध्ययनको उद्देश्य अनुरूप सहभागीहरूले दिएको सूचनाका आधारमा यस शोधपत्रको निष्कर्षलाई तल उल्लेख गरिएको छ ।

मुख्यतः यस अध्ययनका लागि वैदेशिक रोजगारमा संलग्न घरपरिवारलाई मात्र समावेश गरिएको छ । खासगरी वेरोजगार र कृषिमा संलग्न भई अर्धवेरोजगार अवस्थामा रहेका व्यक्तिहरुनै वैदेशिक रोजगारमा संलग्न भएको पाइयो । उनिहरु स्थानीय एजेन्टमार्फत केन्द्रिय एजेन्ट र केन्द्रिय एजेन्टमार्फत मेनपावर हुँदै वैदेशिक रोजगारको लागि सम्बन्धित देशहरूमा गएको पाइयो ।

वैदेशिक रोजगारीमा संलग्न अधिकांश व्यक्तिहरु एस.एल.सी.भन्दा कम पढेलेखेकाले विदेशमा सामान्य तलबी रोजगारमा संलग्न भएको पाइयो । उनिहरु वैदेशिक रोजगारीमा संलग्न हुने Push Factor मा देशमा रोजगारका अवसर कम हुनु, गरिबी, द्वन्द्व आदि देखिए भने Pull Factor मा विदेशमा सहजै काम पाउनु, साथीभाइको लहैलहैमा लाग्नु, एजेन्टको सहजीकरण र राम्रो आम्दानी गरेर परिवारको जीविका सहज पार्नु रहेको पाइयो ।

पारिवारिक संरचनाका आधारमा मध्यम खालको परिवारबाट सक्रिय उमेर समूहका प्रायः पुरूषहरु वैदेशिक रोजगारका लागि गएको पाइयो । वैदेशिक रोजगारमा संलग्न हुनेहरुको संख्यामा पुरुषहरूको बाहुल्यता रहेको र १ जना मात्र महिलाको उपस्थिति रहेको देखियो । महिलाहरुले घर छोड्नु हुन्न भन्ने सोच भएको हाम्रो समाजमा नमूना घरधुरीमध्येबाट वैददेशिक रोजगारमा १ जना महिलाको सहभागिताले अन्य महिलाहरूलाई पनि आगामी दिनमा रोजगारीमा जानको लागि सहज वातावारण सृजना भएको देखियो । प्रायः पुरुषहरु विदेश जानाले महिलाहरुमा घरभित्रको कामका साथै समाजमा हुने सामाजिक विकास निर्माणका काममा समेत जिम्मेवारी बढ्न गएको र निर्णय लिने अधिकारमा समेत महिलाहरुको भूमिका बढेको पाइयो तर सक्रिय समुहका युवाहरु वैदेशिक रोजगारमा जानाले गाउँमा संचालन हुने सामुदायिक तथा सामुहिक कार्यमा युवा जनशक्तिको उपस्थिति ज्यादै न्युन रहेको देखियो भने गाउँमा महिला, केटाकेटी र बुढाबुढीको सङ्ख्या उल्लेख्य मात्रामा रहेको पाइयो । यसरी उत्पादनशील जनशक्ति विदेश जानाले कृषि उत्पादनमा कमि आएको र केही कृषियोग्य जमिनहरु बाँझो रहेको देखियो ।

जातीय आधारमा सबै जातिका व्यक्तिहरु वैदेशिक रोजगारमा संलग्न भएको पाइयो । विदेशमा उनिहरु सँगै उठबस गर्ने भएका कारण तल्लो जात र उपल्लो जातबीचमा हुने जातीय भेदभाव तथा छुवाछुटमा केही खुकुलोपन वा परिवर्तन आएको पाइयो ।

अधिकांश उत्तरदाताहरूले वैदेशिक रोजगारमा संलग्न भएपछि परिवारको आम्दानीमा सुधार आएको र समाजले आफ्नो परिवारलाई हेर्ने दृष्टिकोणमा पनि परिवर्तन आएको कुरा बताए । वैदेशिक रोजगारले आर्थिक अवस्थामा सुधार ल्याएता पनि दीर्घकालीन रूपमा यो पेसामा रहिरहन नसक्ने अवस्था देखिन्छ । यसले उनिहरुलाई उपभोगमुखी बनाई रोजगारबाट फर्कदा आफ्नो परिवारको लागि विविध सामानहरू (घडी, टेलिभिजन, ल्यापटप, मोवाइल आदि) खरिद गर्दा विदेशमा कमाएको केही पूँजी विदेशमा नै छोडेर आएको पाइयो । विदेशबाट ल्याएको यी सञ्चार तथा मनोरञ्जनका साधनहरूले उनिहरुलाई बिस्तारै आधुनिकीकरण तर्फ वा विश्व बजारमा पाइने वस्तुहरू प्रयोग गरी विश्वव्यापीकरणतर्फ तानेको त पाइयो तर यसले उनिहरुमा परनिर्भरताको स्थिति सृजना गरेको पाइयो ।

समग्रमा भन्नुपर्दा वैदेशिक रोजगारले नमुना घरधुरीहरुको सामाजिक तथा आर्थिक अवस्थामा परिवर्तन ल्याउन सहयोग गरेको देखिन्छ । विदेशबाट प्राप्त विप्रषणले उनिहरुको दैनिक उपभोग खर्च देखि शिक्षा, स्वास्थ्य र सञ्चारजस्ता खर्चका क्षेत्रहरु व्यवस्थापन गर्नमा भूमिका खेलेको छ । जस्तैः आफ्नै उत्पादनले खान नपुग्ने ९० प्रतिशत नमुना घरधुरीको दैनिक उपभोग खर्च व्यवस्थापनमा विप्रेषणको नै योगदान रहेको छ भने नमुना घरधरीहरुको कूल वार्षिक आम्दानीमा विप्रेषणको ८३.९० प्रतिशत योगदान रहेको छ । यसैगरी नमुना घरधुरीमध्ये ८० प्रतिशत घरहरु जस्ता वा स्लेटको छानो लगाएको हुनु र ६० प्रतिशत घरधुरीले नयाँ घर घडेरी निर्माण तथा खरिद गर्नुमा विप्रेषणकै योगदान रहेको छ भने विद्यालय जाने उमेर पुगेका ८५ प्रतिशत घरधुरीका बालबालिकाहरु नीजि तथा सरकारी विद्यालयमा अध्ययन गर्नु र शतप्रतिशत नमुना घरधुरीहरुमा सोलार तथा बिद्युत् उर्जाको प्रयोग हुनुमा पनि विप्रेषण कै भूमिका रहेको छ । शतप्रतिशत घरहरुमा शौचालय हुनु र ९२.५० प्रतिशत नमूना घरधुरीले धाराको खानेपानी प्रयोग गर्नु पनि विप्रेषण कै योगदान रहेको छ । वैदेशिक रोजगारमा संलग्न नमूना घरधुरीले सरदर औसत बार्षिक आम्दानी ३,६०,०००। विप्रेषणबाटै प्राप्त गरी प्रतिव्यक्ति आयमा तथा परिवारको आर्थिक अवस्थामा सुधार आएको र गरिबी हट्दै गएको संकेत देखिनुले पनि गरिबी निवारणमा वैदेशिक रोजगारको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । गाउँघरमा परम्परादेखि हुँदै आएको महिला तथा जातीय विभेद र छुवाछुटमा समेत वैदेशिक रोजगारीकै कारण केही खुकुलोपन र परिवर्तन आउनुले पनि वैदेशिक रोजगार सामाजिक परिवर्तनको एक सशक्त माध्यम

भएको देखिन्छ । छोरालाई मात्र होइन छोरीलाई पनि उच्च शिक्षा दिनु पर्छ भन्ने सोचको विकास हुनु र उनिहरुमा  शैक्षिक क्षेत्रमा लगानी गरे दीर्घकालपछि उपलब्धी प्राप्त हुन्छ भन्ने दीर्घकालिन सोचको विकास हुनुमा वैदेशिक रोजगारकै भूमिका रहेको पाइयो । यसका साथै वैदेशिक रोजगारले अध्ययन गरिएका नमूना घरधुरीहरुको आधारभूत आवश्यकताहरु दैनिक उपभोग, शिक्षा, स्थास्थ्य र संचार आदि कुराहरु परिपूर्ति गर्न र  समाजमा हुने सामाजिक कुरीति तथा कुसंस्कारहरुलाई न्यून गर्न सहयोग गरेको देखिन्छ ।

# सन्दर्भ सामाग्रीहरूको सूची


केन्द्रिय तथ्याङ्क विभाग, (२०६८). *राष्ट्रिय जनगणना-२०६८.* काठमाण्डौं: केन्द्रिय तथ्याङ्क विभाग ।

गा.वि.स.को कार्यालय, कोटगाउँ, (२०६८). *गाउँ विकास समितको बस्तुगत विवरण-२०६८.*रोल्पाः कोटगाउँ गा.वि.स. ।

जिल्ला विकास समिति, रोल्पा, (२०७३). *वार्षिक प्रतिवेदन २०७२/०७३.* रोल्पाः जि.वि.स., रोल्पा ।

डाँगी, युवराज, (२०६८). *वैदेशिक रोजगार र यसको प्रभावः एक अध्ययन.* काठमाडौं: शोधपत्र समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

नेपाल राष्ट्र बैंक, (२०७३). *"विप्रेषण प्राप्त गर्ने घरपरिवारको बचत तथा लगानी प्रवृत्ति २०७३" एक अध्ययन प्रतिवेदन.* काठमाडौं: नेपाल राष्ट्र बैंक ।

पण्डित, सूर्य कुमार, (२०५६). *नेपालमा वैदेशिक रोजगार.* काठमाडौं: रविन्द्र शाक्य बागबजार छापाखाना ।

पोखरेल, नारायण दत्त, (२०५७). *वैदेशिक रोजगारले नेपाली समाजमा पारेको प्रभावः एक अध्ययन.* काठमाडौं: शोधपत्र समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

राष्ट्रिय योजना आयोग, (२०७३). *चौधौं आवधिक योजनाको आधार पत्र (२०७३/०७४-०७५/७६).*काठमाण्डौं: नेपाल सरकार, राष्ट्रिय योजना आयोग ।

राष्ट्रिय योजना आयोग र यू.एन.डि.पी., (२०१४). *नेपाल मानव विकास सूचाङ्क प्रतिवेदन -२०१४.* काठमाडौं: राष्ट्रिय योजना आयोग र यू.एन.डि.पी. ।

वैदेशिक रोजगार विभाग, (२०६४). *वैदेशिक रोजगार ऐन-२०६४.* काठमाडौं: कानून किताब व्यवस्थापन समिति ।

वैदेशिक रोजगार विभाग, (२०६८). *वैदेशिक रोजगार नीति-२०६८.* काठमाडौं: कानून किताब व्यवस्थापन समिति ।

वैदेशिक रोजगार विभाग, (२०५१). *वार्षिक प्रतिवेदन-२०५०/०५१.* काठमाडौं: वैदेशिक रोजगार विभाग ।

वैदेशिक रोजगार विभाग, (२०७१). *वार्षिक प्रतिवेदन-२०७०/०७१.* काठमाडौं: वैदेशिक रोजगार विभाग ।

शाही, डाल कुमारी, (२०७०). *वैदेशिक रो र यसले समाजमा ल्याएको परिवर्तनः एक अध्ययन.* काठमाडौं: शोधपत्र समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

CBS (2014). *National Population and Housing Census 2011* (Village

DevelopmentCommittee/Municipality). Volume 06, NPHC 2011, Kathmandu: Central Bureau of Statistics.

DoFE (2014), *Labor Migration for Employment, A status Report for Nepal : 2013/14.* Kathmandu: DoFE Kathmandu.

Ritzer G., (1992). *Sociological Theory*. New York: Mac Grew- Hill International.

Mariam Elizabeth, and Sheth Zulfi, 2001. *Lee's theory of migration, Lee's laws divides factors causing*, www.economistindia. Files.

www.en.wikipedia.org/wiki/Kotgaun

www.ngofederation.org/index.php

www.npc.gov.np

www.mole.gov.np

www.dofe.gov.np

www.cbs.gov.np

www.ddcrolpa.gov.np

# अनुसूचि १

# घरधुरी सर्वेक्षण प्रश्नावली

उत्तरदाताको नाम थर : ........................................................ उमेरः ..........☐

लिङ्गः :

धर्म ..........गाविस.......................वडा नं.................टोलको ............................

वैदेशिक रोजगारमा संलग्न व्यक्तिसंगको नाताः .....................................

*१. घरधुरी विवरण*

| क.सं. | परिवारका सदस्यको नाम | घरमुलीसँगको नाता | उमेर/लिङ्ग | वैवाहिक अवस्था | मुख्य पेशा | सहायक पेशा | शिक्षा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

नोट :- क) निरक्षरः पढ्न र लेख्न दुवै नजान्ने, ख) साक्षरः पढ्न र लेख्न दुवै जान्ने

२. सम्पती विवरण

| क.सं. | घरको प्रकार | कोठा संख्या | तला संख्या | शौचालय सुविधा |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

*नोटः* (क) पक्की- आरसीसी ढलान गरी बनाएको (ख) अर्धपक्की- जस्ता/ढुंगाको छानोले छाएको र पर्खाल ढुंगा माटोले बनाएको (ग) कच्ची- फुसको छानोले छाएको र पर्खाल ढुंगा माटोले बनाएको ।

३. जग्गाको विवरण

| विवरण | आफ्नै नामको खेत आफैले कमाएको | | आफ्नो नामको बारी आफैले कमाएको | | अर्काको जग्गा कमाएको मात्र | | आफ्नो जग्गा अरुलाई कमाउन दिएको | |
|---|---|---|---|---|---|---|---|---|
| | कमाएको | नकमाएको | कमाएको | नकमाएको | खेत | बारी | खेत | बारी |
| भूमिहिन | | | | | | | | |
| १-५ रोपनी | | | | | | | | |
| ५-१० रोपनी | | | | | | | | |
| १०-१५ रोपनी | | | | | | | | |

४. पशुपक्षीको विवरण

| किसिम | संख्या | हेर्ने व्यवस्था आफै वा अरुलाई दिएको | बार्षिक खर्च | बार्षिक आम्दानी |
|---|---|---|---|---|
| गाई/गोरु | | | | |
| बाख्रा/भेडा | | | | |
| भैसी | | | | |
| कुखुरा | | | | |
| सुँगुर | | | | |

५. बार्षिक आम्दानी र खर्चको विवरण

| क.सं. | खर्चका श्रोतहरु | जम्मा खर्च | जम्मा आम्दानी |
|---|---|---|---|
| १ | कृषि | | |
| २ | पशुपालन | | |
| ३ | शिक्षा | | |
| ४ | स्वास्थ्योपचार | | |
| ५ | नोकरी/शिक्षण | | |
| ६ | ब्यापार | | |
| ७ | दैनिक उपभोग | | |
| ८ | सञ्चार | | |
| ९ | ज्याला मजदुरी | | |
| १० | वैदेशिक रोजगार | | |
| | जम्मा | | |

६. मुख्य आम्दानीका स्रोत

क) कृषि ख) वैदेशिक रोजगार ग) ज्यालादारी घ) व्यापार

ङ) नोकरी/शिक्षण

७. मुख्य कृषि बालीहरु के के हुन ?

....................................................

८. आफ्नै उत्पादनले कति महिना खान पुग्छ ?

क) ३ महिनासम्म ख) ६ महिनासम्म ग) ९ महिनासम्म घ) १२ महिनासम्म

७. के कारणले वैदेशिक रोजगारमा जानु भयो ?

क) आर्थिक अवस्था कमजोर भएर ख) रोजगारीका लागि ग) साथीभाइको लहैलहैमा लागेर

८. वैदेशिक रोजगारमा जाँदा कसमार्फत जानु भयो ?

............................................

९. वैदेशिक रोजगारका लागि गएको देश कुन हो ?

...................

१०. वैदेशिक रोजगारीमा जाँदा लाग्ने खर्च कसरी व्यवस्था गर्नु भयो ?

क) साहु महाजनबाट  ख) आफ्नै स्रोतबाट  ग) बचत समूहबाट  घ) आफन्तबाट

ङ) साथीभाइबाट

११. ऋण लिंदा बार्षिक कति प्रतिशत व्याजमा लिनु भएको थियो ?

.........................

१२. वैदेशिक रोजगारीमा जाँदा लागेको ऋण तिरी सक्नु भयो वा बाँकी छ ?

..........................

१३. वैदेशिक रोजगारबाट वार्षिक आम्दानी कति हुन्छ ?

क) २ लाखसम्म    ख) २ देखि ४ लाखसम्म    ग) ४ देखि ६ लाखसम्म

१४. वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको व्यवस्थापन परिवारमा कसले गर्नु हुन्छ ?

.........................

१५. कुन माध्यमबाट विप्रेषण प्राप्त गर्नु हुन्छ ?

क) बैंक/रेमिट एजेन्सीहरु(मनिट्रान्सफर)   ख) आफन्त/परिवारको सदस्य

ग) साथीभाइ

१६. विप्रेषण रकम उपयोग गर्ने क्षेत्रहरु कुन कुन हुन ? र ती क्षेत्रहरुमा वार्षिक कति रकम प्रयोग गर्नु हुन्छ ?

| उपयोग गर्ने क्षेत्रहरु | वार्षिक खर्च रकम |
|---|---|
| शिक्षा | |
| स्वास्थ्य | |
| सञ्चार | |
| कृषि | |
| पशुपालन | |
| दैनिक उपभोग | |

१७. विप्रेषण रकमले ऋण तिर्नु भयो ?

..............................

१८. विप्रेषण रकमले घरयासी सम्पति जोड्नु भयो ?

क) घर मर्मत तथा निर्माण गरेको रकम (रु......................) ख) घडेरी तथा जग्गा खरिद गरेको रकम (रु.............. ) ग) घर निर्माण र जग्गा खरिद दुवै गरेको रकम (रु......................)

१९. वैदेशिक रोजगारले तपाईको आम्दानीमा सुधार भयो ?

...................

२०. विप्रेषण रकम प्राप्त पश्चात् तपाईको परिवारलाई समाजले हेर्ने दृष्टिकाण कस्तो छ ?

...............................

२१. तपाईको पविारबाट बालबालिकाहरु विद्यालय जान्छन् ? यदि जान्छन् भने कहाँ जान्छन् ?

क) सरकारी विद्यालय ख) नीजि विद्यालय ग) कलेज

२२. वैदेशिक रोजगारमा संलग्न हुनु भन्दा पहिले तपाईको घरको प्रकार कस्तो थियो ?

क) पक्की ख) अर्धपक्की ग) कच्ची

## अनुसूचि २

## मुख्य सूचनादाता प्रश्नावली

नाम थर ......................................................................उमेर.........

१. वैदेशिक रोजगारका लागि जानु भएको देश कुन थियो ?

..........................................................................................

२. बैदेशिक रोजगारमा जाँदा लाग्ने खर्च कसरी जुटाउनु भयो ?

..........................................................................................

३. त्यो रकम तिरी सक्नु भयो ?

..........................................................................................

४. यदि तिरी सक्नु भएको छैन भने अझ कति समय लाग्ला ?

..........................................................................................

५. सोको सरदर बार्षिक व्याज कति थियो ?

..........................................................................................

६. तपाईको शैक्षिक योग्यता कति छ ?

....................................................................

७. वैदेशिक रोजगारमा नजानु भन्दा पहिले के गर्नु हुन्थ्यो ?

...............................................................

८. उक्त पेशाले तपाईको परिवारको खर्च पुग्थ्यो ?

..............................

९. बैदेशिक रोजगारमा संलग्न हुँदा तपाईको मासिक कमाई कति थियो ?

..........................................................................................

१० वैदेशिक रोजगारमा गएर कुनै सीप सिक्नु भयो ?

........................................

११. बैदेशिक रोजगारले तपाईको परिवारको आर्थिक अवस्थामा सुधार भएको ठान्नु हुन्छ ?

..........................................................................................

१२. विदेश जान किन छोड्नु भयो ?

.........................................................................................

१३. अहिले कुन पेशा गर्नु हुन्छ ?

......................................................................................

# अनुसूचि ३

## अवलोकन गर्नु पर्ने कुराहरु

| | |
|---|---|
| १. घरमा शौचालय | छ/छैन |
| २. घरमा टेलिभिजन | छ/छैन |
| ३. घरमा कम्प्यूटर | छ/छैन |
| ४. घरमा कुनै यातायातको साधन | छ/छैन |
| छ भने कस्तो साधन छ ? | साइकल/ मोटरसाइकल /हल्का सवारी साधन/ बस |
| ५. विद्युतीय सेवा कस्तो किसिमको छ ? | विद्युत/सौर्य विद्युत |
| ६. संचार साधन के छ ? | मोवाइल/ल्याण्डलाइन/सिडिएमए |
| ७. सुधारिएको चुल्हो | छ/छैन |
| ८. खानेपानीको सुविधा कस्तो | कुवाको पानी/धाराको पानी |
| ९. घरको किसिम कस्तो | स्लेट/फुस/जस्ता/पक्की |
| १०. सडक पहुँच | छ/छैन |

# अनुसूचि ४

## सूचनादाताहरुको नामावली

१. खिम बहादुर घर्ति मगर,  लिबाङ नगरपालिका -६ कोटगाउँ

२. तिर्था वि.क., लिबाङ नगरपालिका -६ कोटगाउँ

३. मनसिङ परियार, लिबाङ नगरपालिका -६ कोटगाउँ

४. सुमिता वि.क., लिबाङ नगरपालिका -६ कोटगाउँ

५. जर्समाली वि.क., लिबाङ नगरपालिका -६ कोटगाउँ

६. बैशमाली घर्ति मगर, लिबाङ नगरपालिका -६ कोटगाउँ

७. पवित्रा घर्ति मगर, लिबाङ नगरपालिका -६ कोटगाउँ

८. अमृता परियार, लिबाङ नगरपालिका -६ कोटगाउँ

९. भिमसरी बाँठा मगर, लिबाङ नगरपालिका -६ कोटगाउँ

१०. उमा बाँठा मगर, लिबाङ नगरपालिका -६ कोटगाउँ

११. अजिता घर्ति मगर, लिबाङ नगरपालिका -६ कोटगाउँ

१२. उतिमा घर्ति मगर, लिबाङ नगरपालिका -६ कोटगाउँ

१३. मनिषा वि.क., लिबाङ नगरपालिका -६ कोटगाउँ

१४. दुर्गा वि.क., लिबाङ नगरपालिका -६ कोटगाउँ

१५. जाग्या बुढा मगर, लिबाङ नगरपालिका -६ कोटगाउँ

१६. राम प्रसाद कँवर, लिबाङ नगरपालिका -६ कोटगाउँ

१७. पुनिकला वि.क., लिबाङ नगरपालिका -६ कोटगाउँ

१८. रशिका घर्ति मगर, लिबाङ नगरपालिका -६ कोटगाउँ

१९.जसमता वि.क., लिबाङ नगरपालिका -६ कोटगाउँ

२०. धनमाली वि.क., लिबाङ नगरपालिका -६ कोटगाउँ

२१. दिल कुमारी बुढा मगर, लिबाङ नगरपालिका -६ कोटगाउँ

२२. गायत्री बुढा मगर, लिबाङ नगरपालिका -६ कोटगाउँ

२३. रामकली परियार, लिबाङ नगरपालिका -६ कोटगाउँ

२४. दल बहादुर खत्री, लिबाङ नगरपालिका -६ कोटगाउँ

२५. हेमराज वि.क., लिबाङ नगरपालिका -६ कोटगाउँ

२६. आशा वि.क., लिबाङ नगरपालिका -६ कोटगाउँ

२७. दिलमाया घर्ति मगर, लिबाङ नगरपालिका -६ कोटगाउँ

२८. बिमला घर्ति मगर, लिबाङ नगरपालिका -६ कोटगाउँ

२९. छिता घर्ति मगर, लिबाङ नगरपालिका -६ कोटगाउँ

३०. तिलमति वि.क., लिबाङ नगरपालिका -६ कोटगाउँ

३१. कुमारी घर्ति मगर, लिबाङ नगरपालिका -६ कोटगाउँ

३२. भिम बहादुर घर्ति मगर, लिबाङ नगरपालिका -६ कोटगाउँ

३३. पुर्ण बहादुर घर्ति मगर, लिबाङ नगरपालिका -६ कोटगाउँ

३४. गोपाल खत्री, लिबाङ नगरपालिका -६ कोटगाउँ

३५. भागिमन खत्री, लिबाङ नगरपालिका -६ कोटगाउँ

३६. विपना घर्ति मगर, लिबाङ नगरपालिका -६ कोटगाउँ

३७. तिल बहादुर वि.क., लिबाङ नगरपालिका -६ कोटगाउँ

३८. ओसे परियार, लिबाङ नगरपालिका -६ कोटगाउँ

३९. शुक्ला घर्ति मगर, लिबाङ नगरपालिका -६ कोटगाउँ

४०. मनपुर घर्ति मगर, लिबाङ नगरपालिका -६ कोटगाउँ

## अनुसूचि ५

## मुख्य सूचनादाताहरुको नामावली

१. मनपुर घर्ति मगर, लिबाङ नगरपालिका -६ कोटगाउँ

२. खिम बहादुर घर्ति मगर, लिबाङ नगरपालिका -६ कोटगाउँ

३. थामसिङ बाँठा मगर, लिबाङ नगरपालिका -६ कोटगाउँ

४. दल बहादुर खत्री, लिबाङ नगरपालिका -६ कोटगाउँ

५. पूर्ण बहादुर घर्ति मगर, लिबाङ नगरपालिका -६ कोटगाउँ

६. विरु वि.क., लिबाङ नगरपालिका -६ कोटगाउँ

७. अइतु वि.क., लिबाङ नगरपालिका -६ कोटगाउँ